ehetaudasandesh.com
हेटौंडा राष्ट्रिय दैनिक
२५ औं वर्ष
# सन्देश
प्रदेश 'क' वर्ग
Hetauda Sandesh Daily
वर्षः २५ ॥ अंकः ३१० ॥ शुक्रबार १८ बैशाख २०८३ ॥ पूर्णिमा ॥ ने.सं. ११४६ ॥ बछलाथ्व ॥ Friday 1 April 2026 ॥ पृष्ठ : ४ ॥ मूल्यः रु.३/-

## हेटौंडामा बजाजको ईभी अटो लञ्च



सन्देश संवाददाता

हेटौंडा/१० वर्षदेखि तीनपांग्रे अटोका बेष्ट सेलर होराइजन अटो प्रालिले हेटौंडामा अटो लञ्च गरेको छ । होराइजन अटो प्रालि बजाज शोरुमले समयको माग र ग्राहकको सुबिधालाई मध्यनजर गर्दै ईभी अटो लञ्च गरेको होराइजन अटो प्रालि संस्थापक सञ्चालक लालकाजी रत्न बज्राचार्यले जानकारी दिए ।

हेटौंडामा प्रालिका संस्थापक सञ्चालक राजुरत्न बज्राचार्य, लालकाजीरत्न बज्राचार्य, अटो व्यवसायी बिपिन पाण्डे, मनोज लामिछानेको उपस्थितिमा अटो लञ्च गरिएको हो ।

९९ हजार ९ सय मूल्य रहेको अटो ४० देखि ५० प्रतिशत् डाउन पेमेन्ट र शून्य प्रतिशत् ब्याजदरमा सरल फाइनान्स सुबिधा रहेको प्रालिले जनाएको छ । अटो बिक्रेतामा संसारकै १ नम्बर बिक्रेता बजाजको प्रस्तुतिले बजार लिने प्रालिको दाबी छ । ३ वर्ष वारेन्टी रहेको अटोको पार्टस् सजिलै पाइने, सर्भिस र चार्जिङ सरल र सुलभ हुने कम्पनीले जनाएको छ ।

*श्रमिकको संवैधानिक हक सुनिश्चितता*

# सामाजिक सुरक्षामा भीमफेदी गाउँपालिका देशमै अग्रणी

सन्देश संवाददाता

हेटौंडा/श्रमिकको संवैधानिक हक सुनिश्चितताका लागि सामाजिक सुरक्षाको हकलाई कार्यान्वयनमा ल्याउन मकवानपुरको भीमफेदी गाउँपालिका देशमा नै अग्रणी देखिएको छ । उसले अनौपचारिक क्षेत्रका थप १ सय १६ श्रमिक तथा सामुदायिक महिला स्वास्थ्य स्वयम्सेविकालाई सामाजिक सुरक्षाकोषमा आवद्ध गराएको हो । कोषले श्रमिकहरुलाई काम गर्न नसक्ने अवस्था (बिरामी, दुर्घटना, वृद्धावस्था आदि) मा आर्थिक सुरक्षा प्रदान गर्दछ ।

भीमफेदी गाउँपालिकाले सामाजिक सुरक्षाकोषसँग २०८० साउन ३० गते सम्झौता गर्दै कार्यक्रम अघि बढाएको थियो । पालिका अनौपचारिक क्षेत्रका श्रमिकहरुलाई सामाजिक सुरक्षा योजनामा आवद्ध गराउने नेपालकै पहिलो पालिका तथा बागमती प्रदेशकै अग्रणी स्थानीय तहका रुपमा स्थापित भएको छ ।

गाउँपालिकाले चालु आर्थिक वर्ष २०८२/०८३ मा सामाजिक सुरक्षा कार्यक्रमअन्तर्गत् ३० लाख रुपियाँ बजेट विनियोजन गरी उक्त बजेटबाट यस वर्ष ४७ सामुदायिक महिला स्वास्थ्य स्वयम्सेविका र ७९ अनौपचारिक क्षेत्रका श्रमिक गरी १ सय १६ जनालाई सामाजिक सुरक्षाकोषमा आवद्ध गराएको छ । बिहीबार बागमती प्रदेशका मुख्यमन्त्री इन्द्रबहादुर बानियाँ, प्रदेशका श्रम, रोजगार तथा यातायात मन्त्री जयराम थापाले कोषमा आबद्धता भएका मजदुरहरुलाई परिचयपत्र वितरण गरेका छन् ।

पालिकाले हालसम्म असंगठित क्षेत्रका ३ सय ११ मजदुरलाई योगदानमा आधारित सामाजिक सुरक्षाकोषमा आवद्ध गराइसकेको छ । सामाजिक सुरक्षा योजनाअन्तर्गत् श्रमिकहरुले औषधोपचार, स्वास्थ्य तथा मातृत्व सुरक्षा, दुर्घटना तथा अशक्तता सुरक्षा, आश्रित परिवार सुरक्षा तथा वृद्धावस्था सुरक्षा जस्ता सेवासुबिधा प्राप्त गर्ने निश्चित भएको छ । कोषमा औपचारिक तथा अनौपचारिक क्षेत्रका श्रमिक, स्वरोजगारमा रहेका व्यक्ति र वैदेशिक रोजगारीमा रहेका नेपाली श्रमिकहरु पनि आबद्ध हुन सक्ने व्यवस्था छ ।

पहिले उपचारमा करिब १० हजार रुपियाँसम्म खर्च हुने अवस्था रहे पनि कोषमा आवद्ध भएपछि करिब २ हजार रुपियाँमा उपचार सम्भव भएको सामाजिक सुरक्षाकोषमा आबद्ध मजदुरको अनुभव छ । अनौपचारिक क्षेत्रका श्रमिकहरुलाई कोषमा आवद्ध गराउन पालिकाले न्यूनतम् पारिश्रमिकको ११ प्रतिशत् र पालिकाका तर्फबाट ९.३५ प्रतिशत् थप गरी कुल २०.३५ प्रतिशत् अर्थात् मासिक २ हजार ४ सय ७९ रुपियाँ कोषमा जम्मा गर्ने व्यवस्था मिलाएको छ । पालिका अध्यक्ष हिदम लामाको सभाध्यक्षतामा सम्पन्न कार्यक्रममा जिल्ला समन्वय समिति मकवानपुर प्रमुख ललित घलान र नेपाल पत्रकार महासंघ मकवानपुर अध्यक्ष बालकृष्ण अधिकारीलगायतले मन्तव्य व्यक्त गरेका थिए ।



सामाजिक सुरक्षाकोष भन्नाले सामाजिक सुरक्षा कोषअन्तर्गत् सञ्चालन हुने एउटा कार्यक्रम हो । सञ्चयकोष जस्तै एउटा छुट्टै कोष, जसले आम श्रमिकहरुको जीवन सुनिश्चितताका लागि ल्याइएको कार्यक्रम हो, सामाजिक सुरक्षाको योजना । सरकारले सामाजिक सुरक्षा कोष लागु गरेपछि कोषमा औपचारिक तथा अनौपचारिक क्षेत्रमा काम गरिरहेका श्रमिकहरु आबद्ध हुन थालेका छन् । विशेषगरि सरकारले बैंक, सरकारी जागिर तथा अन्य ठूला कम्पनीमा काम गर्ने श्रमिकका लागि भन्दा उद्योगधन्दा, इँटाभट्टा र गार्मेन्टलगायत क्षेत्रमा काम गर्ने श्रमिकहरुका लागि ल्याएको कार्यक्रम हो यो । तर, बैंक तथा वित्तीय संस्था, अन्य विभिन्न कम्पनीलगायत सबै कम्पनी तथा मजदुरहरु कोषमा अनिवार्यरुपमा सूचीकृत हुनुपर्ने सामाजिक सुरक्षाकोष कार्यविधिमा उल्लेख छ । कोषमा श्रमिकले बैंक खातामा आफ्नो मासिक आम्दानीको ११ प्रतिशत् जम्मा गर्नुपर्छ भने रोजगार दाताले २० प्रतिशत् थपेर कुल २१ प्रतिशत् रकम प्रतिमहिना श्रमिकको खातामा संकलन हुन्छ ।

*केके छन् यसका सुबिधा ?*

सामाजिक सुरक्षाकोषले पनि सञ्चय कोष तथा नागरिक लगानी कोषले जस्तै विभिन्न सेवा उपलब्ध गराउँदै आएको छ । योगदानमा आधारित सामाजिक सुरक्षा योजनाअन्तर्गत् ४ वटा सुबिधा छन् । जसमा औषधोपचार, स्वास्थ्य तथा मातृत्व सुरक्षाको सुबिधा, दुर्घटना र अशक्तता सुरक्षाको सुबिधा, आश्रित परिवार सुरक्षाको सुबिधा तथा बृद्धावस्था सुरक्षाको सुबिधालगायत व्यवस्था छन् ।

कोषले यी व्यवस्थाहरुको कार्यान्वयन गर्ने काम गर्छ । कार्यान्वयनको पहिलो चरणमा रोजगारदाताहरु दर्ता हुने, उनीहरुले आफूसँग श्रम सम्बन्ध कायम गरेका श्रमिकहरुको दर्ता गराउने काम हुन्छ । त्यसपछि योगदान रकम जम्मा गर्न कोषले सूचना जारी गर्छ । कोषको यस्तो सूचना जारी भएपछि रोजगार दाताहरुले कोषमा रकम जम्मा गर्ने काम गर्छन् । यी शर्तहरु पूरा भएपछि मात्र श्रमिकहरुले सुबिधा प्राप्त गर्न सक्छन् । कोषले श्रमिकका खातामा जम्मा भएको रकमको आधारमा उसलाई विभिन्न सुबिधा दिँदै आएको छ ।

*कोषको उद्धेश्य :*

सरकारले विशेषगरि श्रमिकको योगदानमा आधारित सामाजिक सुरक्षाको हक सुनिश्चित गर्न तथा रोजगारदातालाई सामाजिक सुरक्षा प्रदान गर्न योगदानमा आधारित सामाजिक सुरक्षा कार्यक्रम सञ्चालनमा ल्याएको हो । कोषको मुख्य उद्धेश्य भनेकै आमश्रमिकवर्गलाई सामाजिक सुरक्षाको हक सुनिश्चित गर्नु हो ।

सरकारले सामाजिक सुरक्षा कोष नियमावली, २०६७ बमोजिम कोष स्थापना गरेको हो । योगदानमा आधारित सामाजिक सुरक्षा ऐन, २०७४ तर्जुमा भइ कार्यान्वयनमा आएपश्चात् हाल सोही ऐनबमोजिम कोषले कार्य सञ्चालन गरिरहेको छ । सामाजिक सुरक्षा कार्यविधि, २०७५ अनुसार कोषले यसमा रहेका व्यवस्थाहरुको कार्यान्वयन गरिरहेको छ ।

*कहाँबाट सुरु भयो ?*

कसैले काम गर्न पाएन वा काम गर्न नसक्ने अवस्था भयो वा भइरहेको आम्दानीमा कुनै कारण अवरोध सिर्जना भयो भने त्यस अवस्थामा मान्छे भोकै पर्न नपरोस् भनेर स्थापना गरिएको प्रणाली हो, सामाजिक सुरक्षा योजना । पहिलो पटक यस योजना अमेरिकामा राष्ट्रपति फ्यांकलिन डी रुजबेल्टले सन् १९३३ मा ल्याएका थिए । पहिलो पटक संसद्मा यससम्बन्धि विधेयक अश्वीकृत हुँदा भिटो प्रयोग भएर १९३५ बाट कानुन लागु भयो । अमेरिकीहरुले तल्लो तहका श्रमिक वर्गलाई सामाजिक सुरक्षामा नसमेट्ने हो भने विद्रोह हुन्छ भन्ने महसुस गरेर उक्त योजना ल्याइएको थियो ।

बेलायतमा त १९११ मै पेन्सन स्किम लागु भइसकेको थियो । त्यो हेर्दा हाल हामी ठीक ठाउँमा छौं भन्ने देखिन्छ । सामाजिक सुरक्षा योजनालाई हालबाट अघि बढाउँदा १० वर्षपछि सबै श्रमिक यसमा जोडिन्छन् । यसलाई काम गर्न सक्दा सम्म आफैंले योगदान गर्ने र कमजोर भएको बेला त्यही योगदानबाट सहयोग लिने प्रणालीको रुपमा बुझ्नु पर्छ । सबै किसिमको खर्च राज्यले ब्यहोर्ने देशहरुमा सरकारले नागरिक बाट कर उठाउँछ र त्यसैबाट खर्च गर्छ । जस्तो, हाल नेपाल सरकारले बृद्धलाई दिने गरेको मासिक २ हजार भत्ता कर उठाएर दिएको हो । एकल भत्ता, अपांग भत्ता जेजति छन्, ती सबै उठेको करबाट दिइएको हो । करमा कसैले योगदान हुन्छ, कसैले नहुन सक्छ । तर, सुबिधा पाउने बेला सबैले पाउने हुन्छ । हाल अबलम्बन गरिएको सामाजिक सुरक्षा योजना भनेको करमा आधारित भने होइन । यसमा श्रमिक आफैं सहभागी हुन्छन् र जोजो सहभागी हुन्छन्, उनीहरु यसबाट लाभान्वित हुन्छन्, अरु हुँदैनन् ।

सामाजिक सुरक्षा योजना भनेको सञ्चयकोष वा बचतकोष जस्तो होइन । सामाजिक सुरक्षा भनेको बचत कोषमात्र होइन । एउटा, व्यक्तिले गरेको लगानी कोषमा जम्मा हुन्छ र पेन्सन आउँछ । अर्को चाहिं वीमा प्रणाली जस्तो हो, सबै बेलामा त्यसको प्रतिफल पाउँछु भन्ने चाहिं हुँदैन । जस्तो–मैले गरेको योगदानबाट अरु कोही दुर्घटनामा परेको छ भने त्यो वर्ष उसले फाइदा लिन सक्छ । कुनैबेला म दुर्घटनामा परें भने अरुको योगदानबाट मैले फाइदा लिन्छु । यो एक प्रकारले प्रिमियम जस्तो भयो । हाल नेपालमा लागु गर्न खोजिएको सामाजिक सुरक्षा प्रणाली दुई कुराको 'मिक्स' जस्तो छ ।

*सबै पक्षलाई फाइदा :*

कुनै प्रतिष्ठान, उदाहरणका लागि *हेटौंडा सन्देश*का सबै पत्रकार र कर्मचारीले हामी पेन्सनमै जाने भनेछन् भने त्यही हुने भयो । होइन, हालकै प्रणाली ठीक छ भने भने २०७६ असार २९ गतेसम्म भर्ना भएकाहरुलाई हालकै प्रणाली लागु हुन्छ । यसमा के फाइदा छ भने अब रोजगारदाताले १.६७ प्रतिशत् थप्नुपर्छ । यसअघि विमाको प्रिमियम तिरिदिनुपर्थ्यो । प्रिमियमको पैसा अब सामाजिक सुरक्षामा हस्तान्तरण भयो ।

हाल हामीले राज्यलाई तिरिरहेको १ प्रतिशत् कर अब सामाजिक सुरक्षाकोषमा आउँछ । बाँकी २.६७ बाट अरु स्किम ल्याउन खोजिएको छ । जस्तो–दुर्घटनालाई दुई भागमा बाँडियो–रोजगारीजन्य दुर्घटना र अन्य दुर्घटना । कार्यथलोमा दुर्घटना हुँदा उपचारको सबै खर्च सामाजिक सुरक्षाकोषले ब्यहोर्छ । अरु अवस्थामा दुर्घटना भयो भने ७ लाखभन्दा बढी यसले ब्यहोर्दैन । कुन अवस्थामा दुर्घटना भएको भनेर अस्पताललगायत कागजपत्र र प्रमाणहरु बोलि हाल्छन् । अलिअलि गलत अभ्यास होलान् । तर, त्यसलाई रोक्ने विधि पनि राखिएका छन् ।

यसअघि दुर्घटनाको विमा ७ लाख भनिएको थियो । उपचार गर्दागर्दै २० लाख खर्च भयो भने रोजगारदाताले त विमाबाट आउने त्यही ७ लाख ब्यहोर्ने हो । अब त्यो अवस्था रहेन । यसले रोजगारदाता र श्रमिक दुवैलाई फाइदा हुने भयो । यसअघि दुर्घटनामा मृत्यु भए ७ लाख दिइन्थ्यो । अब मानौं मृत्यु हुँदा श्रमिकको तलब २० हजार रहेछ भने त्यसको ४० प्रतिशत् अर्थात ८ हजार रुपियाँका दरले छोराछोरीले शैक्षिक वृत्ति पाउँछन् । उनीहरुले १८ वर्ष नपुग्दासम्म यस सुबिधा पाउँछन् । स्कुल वा कलेज पढिरहेका रहेछन् भने २१ वर्षसम्म पाउँछन् । दुई छोराछोरी पढिरहेका रहेछन् भने आधा–आधा पाउने व्यवस्था छ । अभिभावकको मृत्यु भएपछि पनि छोराछोरीले पढ्न पाउन् भनेर यस्तो व्यवस्था गरिएको हो ।

श्रमिकलाई अर्को फाइदा के छ भने अपांग हुँदा हाल सरकारले मासिक ५ सय भत्ता दिएको होला । अब जुनसुकै प्रकृतिको दुर्घटनामा पनि अपांगताको परिभाषा किटान गरिएको छ । जस्तो–एउटा हात काटियो भने ७० प्रतिशत् अपांगता मानिएको छ । एउटा औंला काटियो भने ४ प्रतिशत् अपांगता भनिएको छ । हात काटिएर अपांगता भए बेसिक तलबको ७० प्रतिशत् रकम जीवनभर पेन्सन पाइन्छ । तलब २० हजार रहेछ भने अपांगता भएपछि जीवनभर १४ हजार मासिक पेन्सन पाइयो ।

यस प्रणालीलाई अंग्रेजीमा *ल पे बुल* भनिएको छ । भारतमा *रिलेभेन्ट फ्याक्टर* भन्ने शब्दावली प्रयोग भएको छ । पहिले र हालमा फरक के भयो भने श्रमिकले समग्रमा बढी सुबिधा पाउने भए । हाल सामाजिक सुरक्षा योजनामार्फत् नेपाल सरकारले भइरहेका कोषलाई जोडेको मात्र हो ।

नयाँ खर्च यसमा केही पनि थपिएको हुँदैन । त्यही भएकाले रोजगारदाता पनि यस योजनामा खुशी छन् । रोजगारदाताले सामाजिक सुरक्षाकोषमा २० प्रतिशत् रकम तिरेपछि उपचारलगायत सबै दायित्वबाट मुक्त हुनेभए । त्यो भनेको यसअघि सञ्चयकोषमा जम्मा गरेकै पैसा हो । त्यसैले यो सबैको हितमा छ ।

# चेपाङ संघले माग्यो 'झोरलाङ' गाउँपालिका



सन्देश संवाददाता

हेटौंडा/नेपाल चेपाङ संघ केन्द्रीय समितिले बागमती प्रदेशका मुख्यमन्त्री इन्द्रबहादुर बानियाँसमक्ष चेपाङ समुदायका लागि संरक्षित क्षेत्र घोषणा तथा स्थानीय तहको पुनर्संरचनासम्बन्धि माग राख्दै ध्यानाकर्षणपत्र बुझाएको छ ।

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले सातै प्रदेशका मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयलाई पठाएको परिपत्रअनुसार स्थानीय तहको संख्या, सिमाना हेरफेर तथा नामाकरणसम्बन्धि व्यवस्थालाई आधार मानी चितवन, मकवानपुर र धादिङका केही वडा समेटेर नयाँ संरचना प्रस्ताव गरिएको हो । सोही आधारमा संघले संघको योजना र अवधारणाअनुसार प्रदेशका मुख्यमन्त्री बानियाँलाई ध्यानाकर्षणपत्र बुझाएको नेपाल चेपाङ संघ अध्यक्ष एवम् संविधानसभा सदस्य गोबिन्दराम चेपाङले बताए । संघको योजनाअनुसार चितवन जिल्लाको इच्छाकामना गाउँपालिका वडा–१ र २, कालिका नगरपालिका वडा–१० र ११, राप्तीको वडा–१०, ११, १२ र १३ लाई समेटेर चेपाङ भाषामा झोरलाङ गाउँपालिका नामाकरण गर्नुपर्ने प्रस्ताव गरिएको छ ।

धादिङ जिल्लाको बेनिघाट रोराङ गाउँपालिकाका वडा–१, २, ६, ८, ९ र १० तथा गजुरी गाउँ पालिकाका वडा–३ र ४ लाई समेटेर रोराङ गाउँपालिका कायम गर्नुपर्ने उल्लेख गरिएको छ । मकवानपुर जिल्लाको राक्सिराङ गाउँपालिकाको विषयमा भने हालको नाम यथावत् राख्दै त्यस क्षेत्रलाई विशेष प्राथमिकतामा राख्नुपर्ने माग गरिएको अध्यक्ष चेपाङले बताए । चितवन, मकवानपुर र धादिङ जिल्ला चेपाङ जातिको उल्लेख्य बसोबास रहेको जिल्लामा पर्छ । त्यसमध्ये पनि चितवन जिल्लामा चेपाङ जातिको सबभन्दा धेरै बसोबास रहेको जनगणनाले पनि देखाउँदै आएको छ ।

इच्छाकामनासँगै कालिका नगरपालिका र राप्ती नगर पालिकाको पहाडी भुभागमा चेपाङ समुदायको बाक्लो बस्ती छ । संविधान, २०७२ को धारा ५६ (५) अनुसार चेपाङ समुदायको बसोबास रहेका चितवन, मकवानपुर र धादिङ जिल्लालाई समेटेर 'चेपाङ संरक्षित क्षेत्र' घोषणा गर्नुपर्नेमा जोड दिइएको छ । मुख्यमन्त्री बानियाँले उक्त प्रस्ताव मन्त्रिपरिषद्मा पेस गर्ने प्रतिबद्धता जनाएको संघले जनाएको छ । मुख्यमन्त्री बानियाँलाई भेट्न संघ अध्यक्ष गोबिन्दरामसहित महासचिव सन्तबहादुर चेपाङ, पूर्वमन्त्री सन्त चेपाङ, बागमती प्रदेश अध्यक्ष खुशीलाल चेपाङ, मकवानपुर जिल्ला अध्यक्ष महेश चेपाङ, मनहरी अध्यक्ष शेरमान चेपाङलगायत टोली मुख्यमन्त्री कार्यालय पुगेको थियो ।

*ठेक्काको विवरण हेरफेर प्रकरण:*

## आशिष निर्माण सेवाका सञ्चालक पक्राउ

सन्देश संवाददाता

काठमाडौं/सार्वजनिक खरिद अनुमगन कार्यालयको अनलाइन प्रणालीमा अनाधिकृत पहुँच पुर्‍याइ विभिन्न ठेक्काको विवरण हेरफेर गरेको आरोपमा आशिष निर्माण सेवा प्रालिका सञ्चालक ऋषिकेश गौली पक्राउ परेका छन् ।

नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्यूरोले बिहीवार उनलाई काठमाडौंको पुरानो बानेश्वरबाट पक्राउ गरेको हो । ठेक्काहरुको आर्थिक प्रस्ताव खोल्नुभन्दा अगावै आर्थिक प्रस्तावको डकुमेन्ट परिवर्नन गरेको आरोपमा हालसम्म दश जना निर्माण व्यवसायीसहित १३ जनालाई अनुसन्धान भइरहेको व्यूरोका प्रवक्ता शिवकुमार श्रेष्ठले जानकारी दिए ।

पक्राउ परेकाविरुद्ध सङ्गठित अपराध निवारण ऐन, २०७० अन्तर्गतको कसुरमा थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

## नेफ्स्कुनलगायत सहकारी संघलाई कारोबारमा प्रतिबन्ध

सन्देश संवाददाता

काठमाडौं/सरकारले नेफ्स्कुन लगायत सहकारी संघलाई बचत तथा ऋण कारोबारमा रोक लगाएको छ । सरकारले अध्यायदेशमार्फत् सहकारी ऐनको संशोधन गर्दै संघहरूलाई आगामी ३ वर्षभित्र कारोबार बन्द गर्नुपर्ने व्यवस्था गरेको हो ।

'यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि सहकारी संघहरूले बचत तथा ऋणको कारोबार गर्न सक्ने छैनन्,' अध्यादेश मार्फत् थप गरिएको छ । तर, यो उपदफा प्रारम्भ हुँदाका बखत बचत तथा ऋणको कारोबार गरिरहेका सहकारी संघहरूले यो उपदफा प्रारम्भ भएको मितिले तीन वर्षभित्र उक्त कारोबार बन्द गर्नुपर्ने व्यवस्था थप गरेको हो ।

# क्रियाशील सदस्यता पुनः अध्यावधिक गर्न नहुने

सन्देश संवाददाता

काठमाडौं/नेपाली कांग्रेसका नेता डा.शेखर कोइरालाको बागमती प्रदेशस्तरीय छलफल गरेका छन् । बालुवाटारस्थित ओपेरा होटलमा सम्पन्न छलफल कार्यक्रममा बागमती प्रदेशबाट प्रतिनिधित्व गर्ने कांग्रेस केन्द्रीय पूर्वपदाधिकारी एवम् पूर्वकेन्द्रीय सदस्यहरु, जिल्ला सभापति र पूर्वसभापति, सांसद् र पूर्वसांसद्, प्रदेश सांसद्, कांग्रेस बागमती प्रदेश कार्यसमितिका पदाधिकारी एवम् सदस्यलगायत अन्य महत्वपूर्ण नेताहरुको उपस्थिति थियो ।

देश र पार्टीको पछिल्लो परिस्थितिलाई मध्यनजर गर्दै रणनीति तयार गर्ने उद्धेश्यले सुझाव लिन छलफल आयोजना गरिएको हो । छलफलमा सहभागीहरुले पन्ध्रौं महाधिवेशनका लागि क्रियाशील सदस्यता नवीकरण भइसकेको अवस्थामा पुन:अध्यावधिक गर्न नहुने



अडान राखेका छन् । हाल आएर सदस्यता अध्यावधिक व्यवहारिक नभएको उनीहरुको तर्क थियो । उनीहरुले विशेष महाधिवेशनकै कारण पार्टीमा एकता कायम हुन नसकेको बताए । पार्टी एक बनाएर लैजाने सम्पूर्ण जिम्मेवारी पनि सभापतिकै रहेको उनीहरुले बताए ।

छलफलमा नेताहरु डा. सशांक कोइराला, बलबहादुर केसी, धनराज गुरुङ, बद्री पाण्डे, जीवन परियार, एनपी साउद, दीपक गिरी, सञ्जय गौतम, शिव हुमागाई, राजीव कोइराला, टेकप्रसाद गुरुङ, उमेशजंग रायमाझी, डा. गोबिन्दराज पोखरेल, किरण यादव, गणेश लामा, संघीय सांसद्हरु डा. चन्द्रमोहन यादव, उर्मिला थपलिया र गीता देबकोटा, कांग्रेस बागमती प्रदेश समिति महामन्त्री राजु श्रेष्ठ, सहमहामन्त्री जीवन डंगोल, सदस्यहरु उपेन्द्र लम्साल, शान्ता क्षेत्री, होम चौलागाईं, नानु दाहाल, सुनिता काफ्ले, अस्मिन सिटौला, धादिङ सभापति रामनाथ अधिकारी, नुवाकोट सभापति रमेश महत, चितवन सभापति राजेश्वर खनाल, मकवानपुर उपसभापति धर्म लामिछाने, सिन्धुली सचिव ईश्वर बस्नेत, काठमाडौं महानगर सभापति निलकाजी शाक्य, बागमती प्रदेश सांसद् रामकृष्ण चित्रकार र हरिप्रभा खड्गी, बागमती प्रदेश पूर्वसांसद् नरोत्तम वैद्य र बिजुला बर्मा, कीर्तिपुरका मेयर कृष्णमान डंगोल, तरुण दल पूर्वकेन्द्रीय सभापति बिनोद कायस्थ, नेता लोकेश ढकालगायत १ सय २३ जनाको सहभागिता थियो ।

*सहकारीमा १५ प्रतिशतभन्दा बढी लाभांश बाँड्न रोक*

# साँवाभन्दा बढी ब्याज लिन नपाइने

सन्देश संवाददाता

काठमाडौं/अबदेखि सहकारी संस्थाहरुले १५ प्रतिशत भन्दा बढी लाभांश वितरण गर्न नपाउने भएका छन् । सहकारी क्षेत्रमा बढ्दै गएको बेथिति र वित्तीय जोखिमलाई न्यूनीकरण गर्न सरकारले सहकारी ऐन, २०७४ लाई संशोधन गर्दै उक्त व्यवस्था ल्याएको हो ।

राष्ट्रपतिमार्फत् जारी सहकारी (पहिलो संशोधन) अध्यादेश, २०८३ ले विशेष गरी बचत तथा ऋणको कारोबार गर्ने संस्थाहरूलाई लक्षित गर्दै लाभांश र ब्याज दरमा नयाँ सीमा निर्धारण गरेको हो ।

संशोधित व्यवस्थाअनुसार सहकारी संस्थाहरूले आफ्ना सदस्यहरूलाई १८ प्रतिशतसम्म दिँदै आएको लाभांशमा कटौती गरिएको छ । नयाँ प्रावधानले सेयर पुँजीको १५ प्रतिशतभन्दा बढी लाभांश बाँड्न रोक लगाएको छ । यसअघि खण्ड (छ)मा रहेको १८ प्रतिशत भन्ने शब्दलाई संशोधन गरी झारेर पन्ध्र प्रतिशत कायम गरिएको हो ।




त्यस्तै, ऋण लगानीमा पनि सर्वसाधारण ऋणीलाई राहत हुने गरी साँवाभन्दा बढी ब्याजको भार थप्न नपाइने नियम ल्याइएको छ । ऐनको दफा ५० मा संशोधन गर्दै सहकारी संस्थाले लिने कुल ब्याज रकम ऋणीको साँवा रकमभन्दा बढी हुन नहुने स्पष्ट व्यवस्था गरिएको छ । यसले मिटरब्याजी शैलीमा ब्याजमाथि ब्याज थुपार्ने प्रवृत्तिलाई निरुत्साहित गर्ने अपेक्षा गरिएको छ ।

अध्यादेशले बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारीहरूका लागि छुट्टै प्राधिकरणको परिकल्पना गरेको छ । अब २५ करोड रुपैयाँभन्दा बढी बचत वा ऋण लगानी भएका संस्थाहरूले अनिवार्य रूपमा प्राधिकरणबाट कार्य सञ्चालन इजाजतपत्र (अपरेटिङ लाइसेन्स) लिनु पर्नेछ । हाल सञ्चालनमा रहेका यस्ता संस्थाहरूले अध्यादेश प्रारम्भ भएको एक वर्षभित्र इजाजतपत्र लिइसक्नु पर्नेछ । यसलाई वार्षिकरूपमा नवीकरण गराउनु पर्नेछ ।

यसैगरी, अब सहकारी संघहरूले अब बचत तथा ऋणको कारोबार गर्न पाउने छैनन् । हाल कारोबार गरिरहेका संघहरूले आगामी तीन वर्षभित्रमा यस्तो कारोबार बन्द गर्नु पर्नेछ । नयाँ व्यवस्थाले सहकारीमा हुने स्वार्थको द्वन्द्व रोक्न परिवार र नातेदारको परिभाषालाईसमेत अझ फराकिलो बनाइएको छ । अब मामा, माइजू, साला, सालीदेखि लिएर संस्थामा काम गर्ने कर्मचारीलाईसमेत नातेदारको सूचीमा समेटिएको छ ।

साथै, बचतकर्ताको रकम फिर्ता नगर्ने वा हिनामिना गर्ने सञ्चालक, कर्मचारी र उनीहरूका परिवारका सदस्यहरूको चल–अचल सम्पत्ति रोक्का गर्ने तथा विदेश यात्रामासमेत प्रतिबन्ध लगाउने कडा अधिकार प्राधिकरणलाई दिइएको छ ।

प्राधिकरणले हरेक संस्थाको नविकरणको समयमा हिसाव किताव हेरेर मात्र नविकरण गर्नेछ ।

# सम्बन्धविच्छेद गरे पनि परिवारै मानेर सहकारी ठगीमा संलग्नको सम्पत्ति जफत गरिने

सन्देश संवाददाता

काठमाडौं/सम्बन्धविच्छेद गरे पनि परिवारै मानेर सहकारी ठगीमा संलग्न ब्यक्तिहरुको सम्पत्ति जफत गरिने भएको छ ।

सरकारले समस्याग्रस्त सहकारीको सदस्यका हकमा परिवारको परिभाषा परिवर्तन गरेसँगै यस्तो बाटो खुलेको हो । सरकारले सहकारी ऐन संशोधन गर्न बनेको अध्यादेशमार्फत् परिवारको परिभाषामा अंशबण्डा भइसकेको व्यक्तिलाई पनि समेटेको हो ।

सहकारी ऐन, २०७४ लाई संशोधन गर्न बनेको अध्यादेश अनुसार ऐनको दफा ८८ बमोजिम लगातार दुई वर्षसम्म कारोबार नगरी निष्क्रिय रहेको, यो ऐन र यस ऐनअन्तर्गत बनेको नियमावली विपरित कार्य गरेको खण्डमा परिवार भन्नाले अब अंशबण्डा भएको व्यक्ति पनि पर्ने गरी कानुनमा ब्याख्या गरिनेछ ।




त्यसैगरी लिक्विडेसन वा खारेजीमा गएको वा ऐनको दफा १०४ बमोजिम समस्याग्रस्त घोषणा भएको सहकारी संस्थाको सदस्यका हकमा अंशबन्डा गरी, मानो छुट्टिई वा सम्बन्धविच्छेद भई बसेको परिवारको सदस्य पनि परिवारभित्र पर्ने व्यवस्था अध्यादेशमा गरिएको छ ।

ऐनको परिभाषा खण्डमा 'नातेदार' भन्नाले काका, काकी, भतिजा, भतिजी, नाति, नातिनी, नातिनी बुहारी, मामा, माइजु, भिनाजु, ज्वाईं, भान्जा, भान्जी, साला, साली, जेठान, जेठानी, फुपू, फुपाजु, नातिनी ज्वाईं, भिन्न भएका सासु, ससुरा, दाजु, भाइ, भाउजू, भाइ बुहारी र निजका एकाघरका सदस्य सम्झनु पर्छ र सो शब्दले आफू सदस्य रहेको सहकारी संस्थामा काम गर्ने कर्मचारीलाईसमेत जनाउनेछ ।

हेटौंडा सन्देश दैनिक
म.जि.प्र.का.द.नं:२६/०५८/०५९, म.जि.हु.द.नं:०७/०६३/०६४

२५ औं वर्ष



**उखान:** बाघको मुख खाए पनि रातै, नखाए पनि रातै ।

## बेलाको बोली

मानव मनको सबैभन्दा ठूलो समस्या के हो भनेर सोध्नेलाई म भन्छु, बोली र व्यवहारमा फरक ।

*- जगदीश घिमिरे*

## सम्पादकीय

# बालबालिकाप्रति ध्यान केन्द्रित गर

*नेपालजस्तो विकासोन्मुख देशमा जहाँ इन्टरनेटको पहुँच तीव्र गतिमा बढिरहेको छ, त्यहाँ डिजिटल साक्षरताको आवश्यकता भने बढ्दो देखिन्छ । पछिल्लो समय नेपालमा फेसबुक, टिकटक, युट्युब, ट्विटर, इमो, भाइबर, इन्स्टा, स्न्यापच्याट, डिस्कर्ड, थ्रेड्स र रेडिटजस्ता प्लेटफर्महरू सूचनाका मुख्य स्रोत बनेका छन् । तर, यिनै माध्यमबाट अफवाह, भ्रामक प्रचारप्रसारमार्फत् बालबालिका तथा किशोरकिशोरीहरू नक्कलीको शोषणमा परेका घटनाहरू पनि उत्तिकै देखिएका छन् । हामी यस्ता समयमा बाँचिरहेका छौं, जहाँ बिहान उठ्नासाथ हातमा मोबाइल र इन्टरनेटको पहुँच अति आवश्यकको वस्तु जस्तै भएको छ ।*

*इन्टरनेट, सामाजिक सञ्जाल र अनलाइन माध्यमहरूले सूचना प्राप्त गर्ने प्रक्रियालाई मात्र सहज बनाएका छैनन्, बरु विश्वलाई एउटा सानो गाउंमा सीमित बनाएको छ । प्रविधिको तीव्र विकाससंगै समाजमा एउटा गम्भीर चुनौती पनि थपिदिएको छ । प्रतिस्पर्धा हुँदा इन्टरनेट सेवाप्रदायकहरूले सस्तोमा सेवा उपलब्ध गराइरहेका छन् । सार्वजनिक स्थानमा इन्टरनेट सेवा उपलब्धताका कारण बालबालिका तथा किशोर किशोरीहरू त्यसप्रति आकर्षित भएका छन् । एकल अभिभावक भएका कारण बाबुआमाहरू बाध्यताको खोजीमा रहंदा घरमा बालबालिका तथा किशोरकिशोरीहरू इन्टरनेट बाहिर रहन नसक्ने अवस्थामा पुगेका छन् । जति धेरै मात्रामा इन्टरनेटको प्रयोग गरियो, त्यति मात्रामा उनीहरू जोखिममा पर्ने घटनाहरू पनि देखिंदै आएको छ ।*

*बालबालिका तथा किशोरकिशोरीहरूलाई घरमा अभिभावकहरूले अनुगमन गर्न नसक्नु, बाबुआमा एकल तथा व्यस्त बन्नु आदि कारणले छोराछोरीहरू बढी जानकार भएका कारणले तथा गोप्य रुपमा बनाइएका अश्लील भिडियोहरू आर्थिक आम्दानी वा मनोरञ्जन वा बदला लिन विभिन्न पोर्न साइटहरू तथा ग्रुप च्याटहरूमा अपलोड गरिने, नचिनेको व्यक्तिसँग सामाजिक सञ्जालमा फ्रेन्डसिप गर्ने तथा अश्लील भिडियोहरू पठाई हैरानी दिने, फोन गरी तपाईंको अश्लील फोटो, भिडियो भाइ-रल भएको छ, हटाउन भेरिफाई गर्न तपाईंको न्युड फोटो र भिडियो पठाउनुहोस् भन्ने म्यासेन्जर तथा भाइबरमा म्यासेज गर्ने र पछि हटाउन लगाउने तथा बालबालिका साथीसाथीबीचको सामान्य विवादमा फेक आईडी खोली साथीबारे अश्लील पोस्ट गर्नेजस्ता घटनाहरू दिनानुदिन बढिरहेका छन् । यस्ता कार्यबाट बालबालिकालाई बचाउन लागौं ।*

## मकवानपुरमा आज

१: आँचल साहित्य कला पुञ्ज मकवानपुरको पाँचौं अधिवेशन तथा १४ औं साधारणसभा हेटौंडा पाटी प्यालेसमा ११:०० बजे ।

## तपाईंको आज

**मेष**: रमाइलो जमघटका बीच स्वादिष्ट भोजनको आनन्द प्राप्त हुनेछ । तर बलजफ्ती गर्ने बानीले साथीभाइ खानपानमा अलि सजग रहनुहोला ।

**बृष**: परिश्रम परे पनि कम प्रतिफल प्राप्त हुनेछ । मुस्किलले काम बने पनि उठ्नुपर्ने रकम अड्किन सक्छ भने सामान्य फाइदा भइनै रहनेछ ।

**मिथुन**: सजग नहुँदा आफ्नो श्रमबाट अरूले फाइदा उठाउने चेष्टा गर्नेछन् । आवश्यकता पूरा गर्न सरसापट पछिका लागि लगानी गर्न सकिनेछ ।

**कर्कट**: प्रतीक्षित नतिजाले उत्साह जगाउनेछ । आम्दानीका नयाँ स्रोत फेला पर्नेछन् । पहिले गरेका कामबाट प्रशस्त लाभ गने योग छ ।

**सिंह**: पेसा-व्यवसायमा फाइदा उठाउन सकिनेछ । आम्दानी बढ्ने र उठ्नुपर्ने रकम हातलागी हुने समय छ । व्यापारबाट मनग्य धनलाभ हुनेछ ।

**कन्या**: मित्रता र प्रेमको बन्धन कसिनेछ भने शुभचिन्तकहरूको सहयोग प्राप्त हुनेछ । भौतिक साधन जुट्नेछन् । व्यापारमा आम्दानी बढाउन सकिनेछ ।

**तुला**: अवसरलाई पछ्याउन नसक्दा व्यवहारमा पछि परिनेछ । बेसुरमा बोल्ने बानीले गोपनीयता भंग हुन सक्छ । विशेष योजना सार्वजनिक नगर्नुहोला ।

**बृश्चिक**: मिहिनेत गर्दा उपलब्धिको स्रोत प्राप्त हुनेछ । तर, अरूका काममा समय खर्चनुपर्दा आफ्ना काम रोकिन आफन्तबाट टाढिनुपर्ने हुन सक्छ ।

**धनु**: समय लागे पनि काम बन्नेछ । सुन्दर पहिरनले व्यक्तित्वमा निखारता आउनेछ । विशेष उपहार प्राप्त हुन तथा मनोरञ्जनमा समय बित्नेछ ।

**मकर**: काम पूरा नभए पनि दोहोऱ्याएर प्रयत्न गर्दा केही लाभ हुन सक्छ । सामुदायिक जिम्मेवारी वहन गर्ने हुने काम हातलागी हुन सक्नेछ ।

**कुम्भ**: प्रतीक्षित नतिजा कमजोर देखिनाले काम दोहोऱ्याउनुपर्ला । सम्भावना पनि सोचेको उपलब्धि प्राप्त नहुन कामकै लागि दौडधुप गर्नुपर्नेछ ।

**मिन**: चुनौतीभित्र अवसर खोज्ने समय छ । उपलब्धिका लागि केही समय प्रतीक्षा गर्नुपर्ला । समस्या दर्साउँदा सहयोगीहरूको साथ पाइनेछ ।

## हाम्रो सम्पर्क ठेगाना

हेटौंडा-२, मानसचोक,
फोन: ०५७-५२२२३७, ०५७-५२४२३६
सम्पादक: ९८५५०६७२३६, समाचार शाखा : ९८४५०२१८०३
बिज्ञापन शाखा : ९८६७४९१३३६
Email: htd.sandesh@gmail.com
Web: ehetaudasandesh.com

# 'श्रमजीवी' लाई समाजले 'सुकुम्बासी' बनाउंदा



✍राजुराम राउत

काठमाडौंको वर्तमान न्यायको भविष्यसंग तुलना गरेर हेर्दा, विश्वका ठूला शहरहरूको कथा जस्तै हामीले एउटा साझा यथार्थ देख्छौं । शहरको चमकभित्र एउटा अदृष्य वर्ग बसिरहेको हुन्छ, जसलाई कहिले 'स्लम', कहिले 'सुकुम्बासी' भनिन्छ । मुम्बईको 'धारावी', पेरिसको 'स्यान्ट्या टाउन' र न्युयोर्कको 'हेल्स किचेन' जस्ता शहर हरूले यो यथार्थ दशकौंदेखि भोगिरहेका छन् । हालै भएका सुकुम्बासी बस्ती विस्थापनका घटनाले, अहिले यही प्रश्न नेपालमा विशेषगरी काठमाडौंमा झनै तीव्र रूपमा उठेको छ ।

काठमाडौंका नदी किनार र सार्वजनिक जग्गामा बसोबास गर्दै आएका परिवारहरूलाई हटाउने सरकारी प्रयासलाई धेरैले 'व्यवस्था सुधार' को रूपमा हेरे । तर, प्रश्न उठ्छ, के विस्थापनले समस्या समाधान गर्छ, कि केवल स्थान परिवर्तन मात्र ?

जब बस्ती हटाइन्छ, मानिस हराउंदैनन् । उनीहरू अर्को ठाउंमा सर्छन् । यसरी शहरको एक भाग 'सफा' देखिन्छ, तर समस्या अर्कोतिर सर्छ । न्युयोर्क सिटिमा पनि १९७०-८० को दशकमा यस्तै नीति अपनाइयो, जसले अस्थायी सुधार त ल्यायो, तर त्यसले दीर्घकालीन समाधान दिएन । काठमाडौंको सन्दर्भमा पनि यही दोहोरिने खतरा छ, सामाजिक न्यायलाई नजरअन्दाज गरेर गरिएको विस्थापनले शहरलाई दिगोरूपमा सुधार गर्दैन ।

'सुकुम्बासी' शब्द आफैंमा एक प्रकारको लेबल हो, जसले व्यक्तिलाई अधिकारभन्दा वञ्चित देखाउंछ । यो शब्दले उनीहरूको श्रम, योगदान र अस्तित्वलाई ओझेलमा पार्छ । वास्तवमा, यी मानिसहरू शहरका 'श्रमजीवी' हुन् । निर्माण, ढुवानी, सफाइ, घरेलु काम, साना व्यवसाय आदिमा संलग्न । उनीहरू बिना शहर चल्दैन । मुम्बईको 'धारावी'मा बस्ने मानिसहरूलाई यदि केवल 'स्लम बासिन्दा' भनेर चिनियो भने, त्यहाँका साना उद्योग र उत्पादन क्षमताको अवमूल्यन हुन्छ । यही गल्ती हामी काठमाडौंमा दोहोऱ्याइ–रहेका छौं ।

यसैले अब समय आएको छ, 'सुकुम्बासी बस्ती' होइन, 'श्रम बस्ती' भन्ने अवधारणा ल्याउने । यसको अर्थ के हो ? सार्वजनिक जग्गा सरकारकै स्वामित्वमा रहने । तर, त्यहां व्यवस्थित, सुरक्षित र आधारभूत सुविधासहितको आवास निर्माण गरिने बसोबासलाई रोजगारीसंग प्रत्यक्ष जोडिने । फेरि भन्नुहोला, थापाथलीमै किन ? प्रश्न स्थानको होईन, सुलभ पहुंचको हो । शहर नजिक पैलद यात्रामा सकिने जहांकही हुन सक्छ ।

यो मोडेलले दुईवटा काम गर्छ । एकातिर आवासको समस्या समाधान गर्छ । अर्कोतिर शहरको श्रम बजारलाई सुदृढ बनाउंछ । फ्रान्सको पेरिसमा लागू गरिएको 'सामाजिक आवास' प्रणालीले यही सन्देश दिन्छ, गरिबी हटाउने उपाय विस्थापन होइन, समावेशीकरण हो ।

काठमाडौंमा श्रमजीवी (अहिले भनिएको सुकुम्बासी) बस्तीहरू प्राय: नदी किनारमा छन् । यसले बाढी जोखिम, प्रदूषण र सार्वजनिक स्थानको अतिक्रमण जस्ता समस्या निम्त्याउंछ । तर, यहाँ पनि समाधान केवल हटाउने मात्र होइन । यदि 'श्रम बस्ती' को अवधारणा लागू गरियो भने, नदी किनारलाई हरित क्षेत्र बनाइन्छ । बासिन्दालाई सुरक्षित स्थानमा व्यवस्थितरूपमा स्थानान्तरण गरिन्छ । फोहोर व्यवस्थापन र सरसफाइमा उनीहरूलाई नै रोजगारी दिइन्छ । यसले वातावरणीय र सामाजिक न्याय दुवैलाई सन्तुलनमा राख्छ ।

मुम्बईको 'धारावीझमा रहेको पुनर्चक्रिय प्रणालीले देखाउंछ, गरिब समुदाय वातावरणीय समाधानको हिस्सा बन्न सक्छ । शहरहरू प्राय: सस्तो श्रममा आधारित हुन्छन् । तर, यो सस्तोपन प्राय: असमानताबाट आउंछ । यदि 'श्रम बस्ती' मार्फत् व्यवस्थित आवास र रोजगारी सुनिश्चित गरियो भने, श्रमिकको उत्पादकता बढ्छ । स्वास्थ्य खर्च घट्छ । शहरको समग्र अर्थतन्त्र बलियो हुन्छ ।

न्युयोर्कको 'हेल्स किचेन'मा न्यून आय वर्गलाई आवास र सेवा पहुंच दिंदा उनीहरूको जीवनस्तर मात्र होइन, शहरको अर्थतन्त्र पनि सुधारिएको देखिएको छ । काठमाडौंमा 'श्रम बस्ती' लागु गर्न सकिने केही व्यावहारिक उपाय हरु :

१) सार्वजनिक-निजी साझेदारी (PPP) मार्फत् सस्तो आवास निर्माण ।
२) रोजगारी केन्द्रित बसोबास–जहाँ बसोबास र काम एउटै क्षेत्रमा हुन्छ ।३) सीप विकास कार्यक्रम–बासिन्दालाई दक्ष बनाउने ।
४) स्थानीय सरकारको प्रत्यक्ष निगरानी
५) हरित पूर्वाधारसहितको पानी, फोहोर र ऊर्जा व्यवस्थापन ।

यसले शहरलाई केवल व्यवस्थित मात्र होइन, दिगो बनाउंछ ।

काठमाडौंको हालको सुकुम्बासी विस्थापनले एउटा अवसर पनि दिएको छ, पुरानो सोच त्यागेर नयाँ मोडेल अपनाउने । 'सुकुम्बासी' भन्ने शब्दले समस्या देखाउंछ । 'श्रम बस्ती' भन्ने अवधारणाले समाधान देखाउंछ । शहरले यदि आफ्ना श्रमिकलाई सम्मानजनक आवास र अवसर दिन सक्यो भने ? विकास केवल भौतिक होइन, मानवीय पनि हुनेछ ।

अन्तत: शहरको वास्तविक उन्नति त्यहां बस्ने सबै मानिसहरूको जीवनस्तरमा झल्किन्छ, न कि खाली सडक र सुन्दर दृष्यमा मात्र । अझ पनि प्रश्न सुकुम्बासीको होइन, हामी कस्तो समाज निर्माण गर्न चाहन्छौं भन्ने मूल प्रश्न हो । यदि 'समुन्नत समाज हामीले नै सिर्जना गर्ने हो' भन्ने मान्यतालाई व्यवहारमा उतार्ने हो भने, राज्यले केवल डोजर चलाउने शक्ति होइन, दृष्टि, दायित्व र संवेदनशीलता पनि देखाउनै पर्छ । सुकुम्बासीलाई समस्या होइन, सम्भावनाका रूपमा हेर्ने सोचको विकास हुनुपर्छ ।

आजसम्मको अभ्यासले के देखायो भने अव्यवस्थित बसोबास देख्ने बित्तिकै 'सुकुम्बासीझ भन्ने नै हो । यस्लाई हटाउंदा समस्या समाधान हुँदैन, बरु थप जटिल बन्छ । त्यसैले अबको बाटो स्पष्ट हुनुपर्छ, सुकुम्बासीलाई "श्रमजीवी बस्ती" का रूपमा पुनर्संरचना गर्ने हुनुपर्छ । यसका लागि सरकारले जग्गाको स्वामित्व सार्वजनिक नै र राखेर, व्यवस्थित आवास, आधारभूत पूर्वाधार (पानी, बिजुली, ढल, सडक), स्वास्थ्य र शिक्षाको पहुँच सुनिश्चित गर्नुपर्छ ।

केवल छानो होइन, सम्मानित जीवनको आधार निर्माण गर्नुपर्छ । त्यससंगै, ती बस्तीलाई शहरको श्रम अर्थतन्त्रसंग जोड्न जरुरी छ । निर्माण, सरसफाइ, सेवा, साना उद्योग र उद्यममा संलग्न हुने अवसर सिर्जना गरेर बासिन्दालाई आत्मनिर्भर बनाउने नीति आवश्यक छ । जब बस्ती उत्पादनशील बन्छ, तब त्यो बोझ होइन, शहरकै मेरुदण्ड बन्छ । सरकार, स्थानीय तह र समुदायबीच सहकार्यको नयां मोडेल विकास गर्नुपर्छ, जहाँ बासिन्दा स्वयं योजनाको साझेदार हुन्, केवल लाभग्राही होइनन् ।

स्वामित्वको भावना र उत्तरदायित्व दुवैसंगै बढ्छन् । यसरी मात्र अव्यवस्थित सुकुम्बासी बस्तीहरूलाई व्यवस्थित, मर्यादित र उत्पादनशील 'श्रमजीवी बस्ती' मा रूपान्तरण गर्न सकिन्छ । निष्कर्षमा, सुकुम्बासी समस्या होइन, हाम्रो नीतिगत कमजो–रीको प्रतिफल हो ।

त्यसैले समाधान पनि दमन होइन, व्यवस्थापन, समावेशिता र अवसर सिर्जना हो । यदि राज्यले दूरदृष्टि राखेर नीति बनायो भने, आजका सुकुम्बासी भोलिका स्वाभिमानी नागरिक बन्न सक्छन् । र, त्यही दिन हामीले साँच्चिकै समुन्नत समाज निर्माणको दिशामा ठोस पाइला चालेका हुनेछौं ।


: अस्तु :

---

# राष्ट्रिय उत्सवहरुमा 'उभौली पर्व'



✍ चेतप्रसाद पौडेल
(सैपुले साहिंलो)



नेपाल राष्ट्रको गरिमा बढाऔं ।
सखारै उठेर नमन चढाऔं
(त्रिसत्य महाकाव्यबाट साभार)

मानवजीवनलाई एक उत्सव भनिन्छ । जहाँ छ उत्सव त्यसैमा खुसी भेटिन्छ । जहाँ छ खुसी त्यसैमा सुख मिल्दछ । उत्सव, चाडपर्व मानिसका अंगकारुपमा तुलना गरिन्छ । सम्झनुस् उत्सव पर्वहरू आइरहन्छन्, हामीले यसलाई हृदय खोलेर हार्दिक स्वागत गर्नु पर्दछ । हरेक राष्ट्रका आ–आफ्नै धर्म हुन्छन् । धर्मले तय गरेका उत्सव चाड पर्व आदिका पूजा, आरती तथा भजन गाइन्छ । अनि खाना खाइन्छ । भनाइ पनि छ पहिले भजन अनि भोजन । ओठमा भजन् मुखमा भोजन ।

जीवन सुधार्न अमृत (नमर्ने) भजन । शरीर सुधार्ने भोजन । भजनमा भक्तिप्रेम करुणा चाहिन्छ भने भोजनमा प्रोटीन कार्बोहाइड्रेट भिटामिन मिन–रल्स आदि ८४ व्यञ्जन, जसलाई एउटै शब्दमा सन्तुलित आहार भनिन्छ । यसभित्र षडरस, (६ स्वाद) चाहिन्छ भन्ने विज्ञको राय छ (१) तितो (२) पिरो ३) अमिलो ४ गुलियो (५) नुनिलो (६) टर्रो आदिलाई छऋतुको प्रतीक भनिन्छ । ऋतुअनुसार फलफूल आदि पाइन्छ । सेवन सोही अनुरूप गर्नु/गराउनु सान्दर्भिक ठहर्दछ । १ ऋतुले २ महिना लिने गर्दछ ।

जसलाई यसरी वर्णन गरिन्छ (१) वसन्त ऋतु (चैत्र–वैशाख) (२) गृष्म ऋतु (जेठ–असार) (क) वर्षाऋतु (श्रावण–भाद्र) (४) शरद ऋतु (आश्विन कार्तिक) (५) हेमन्त ऋतु (मंसिर पुस) (६) शिशिर ऋतु (माघ फाल्गुण) वर्षमा आएका ऋतुहरुले विशिष्ट श्रेणीका चाडपर्व उत्सवहरु ल्याएर मेची–कालीका व्यक्ति एवम व्यक्तित्वका घर आँगनीमा चाडपर्वका चाङ (खात) लगाएर ल्याइदिन्छ ।

ब्रहमाण्ड प्रतीक प्रकृतिको पहिलो सौगातका रूपमा बसन्त ऋतुलाई लिइन्छ । यस ऋतुमा रहेका दुई महिनाहरुले नेपाल राष्ट्रको ओज अभिवृद्धि साथै गरिमा बढाएको पाइन्छ । ऋतुको गौरव बढनु सगरमाथाको उचाइ बढेकोसरह मानिन्छ । चैत्र महिनाले यो वर्ष राष्ट्रिय पर्वका रुपमा श्रीराम चन्द्रको शुभजन्मोत्सवलाई लिइन्छ । चैत्र शुक्ल पक्षको नवमी तिथिमा श्रीराम चन्द्रको जन्मदिन भनिन्छ । बैशाख शुक्लपक्षको नवमी तिथिमा सीताजीको जन्म भएको शुभदिन मनिन्छ । सीताजी रामचन्द्र बीचमा भएको वैवाहिक कार्यले नेपाल–भारतवीचको सम्बन्ध प्रगाढ बनाएको छ । राष्ट्र र राष्ट्रवासीका निमित्त उत्कृष्ट पावन पर्व हो । अलग अलग महिना मा जन्मेका विख्यात व्यक्तित्व द्वारा वैवाहिक जीवन भोगाई प्रत्यक्ष गर्नु भए पश्चात आजको पवित्र दिनमा चार पर्वहरु हामीहरुका समक्ष उदय भएका छन्, ती यस प्रकारका रहेका छन्, ।

चण्डी पूर्णिमा:

वर्षमा आउने १२ पूर्णिमाहरुमा चण्डी पूर्णिमाको विशेष भूमिका रहन्छ । यो पूजा विशेष गरेर किरांतजातीहरुले मनाउने उत्कृष्ट पर्वमा गणना गरिन्छ । रामेछाप जिल्लाको लिखुतामाकोसी गाउँ–पालिकाअन्तर्गत पर्ने सैपुमा रहनु हुने सुनुवार जातीले मनाउने पर्वमा ओखेनीबाट बाल्यावस्थामा उत्सब भर्न गइन्थ्यो । विभिन्न परिकारसहित चण्डीथानमा रागोलाई वाँण हानेर ढाल्ने र पूजार्चना गरेर सुनुवार जातीले प्रसादस्वरूप मासु ग्रहण गरेको दिनको सम्झना गराउँदछ । पिताजीलाल प्रसाद पौडेलद्वारा स्थापना, गर्नुभएको श्री चण्डेश्वरी विद्यालयमा म पढ्दै थिएँ । खिलराज रेग्मीज्यूको अध्यक्षतामा बनेको सरकारका कानून तथा शिक्षामन्त्री माधव पौडेलले पनि कखरा त्यसै विद्यालयमा खार्नुभयको थियो । पूर्वसांसद देवशंकर पौडेलले पनि यसै विद्यालयमा कखरा खार्नुभयको थियो ।

सबैलाई पढाउने गुरु पं. स्वर्गीय हरिप्रसाद पौडेल हुनुहुन्थ्यो । चण्डीथान नजिकै रहेको विद्यालयको छेउमा चण्डी गरिने दिन बिदा दिइन्थ्यो । थप अगाडि १ दिन र पछाडि १ दिन गरी एकमुष्टमा २ दिन बिदा दिने प्रचलन थियो । नेपाल राष्ट्रका ३ करोड नेपालीहरुमा १२४ जातीहरुमध्ये प्रकृति पूजक राई, लिम्बु, चाम्लीङ र सुनुवार आदिले ६–६ महिना मा आ–आफ्ना स्वष्टदेवी चण्डीलाइ सम्झने र सबैले ३–३ वर्षमा कुलदेवताको देवाली सरह चण्डीनाच चण्डीपूजा सभ्य र भव्यरुपमा गर्ने प्रचलन चलिआएको छ ।

बुद्वजयन्ती :

आजकै दिनमा बुद्व जयन्ती मनाइन्छ । जसलाई बुद्ध पूर्णिमा पनि भनिन्छ । आजभन्दा २५ सय वर्षअघि नेपालको पवित्र तीर्थस्थल लुम्बिनीमा बुद्धको अभ्युदय भएको पाइन्छ । नेपाल राष्ट्रको इज्जत प्रतिष्ठा बढाउने कार्यमा त्रिसत्य महाकाव्य चरित्र विज्ञान सुज्ञान खण्डमा ३ कुरालाई प्रमुख स्थान छुट्याई वर्णन गरिएको छ । व्यासले १८ पुराण, ४ वेद, ४ उपवेद आदिले साहित्यिक फाँटका बगैंचामा सुन्दर सुवास छर्नुभएको शब्द र अक्षर टिपेर प्रसादस्वरूप ग्रहण गर्दैछन् नेपाल जनताले । व्यासले ४ वेद ४ उपवेद १८ पुराण उप–पुराण लेखेर पनि मैले केही नै गरिनछु ।

हामीले एउटा काम गरेमा मैले यत्रो काम गरेको छु । काम गरें भनेर घोक्रो फुलाउँछौं । व्यासजीबाट शवक (पाठ) सिक्नुछ सारथि नेता हामी सबैले । व्यासजी ब्यासगुफाको तनहुँको ज्ञानको भण्डारबाट टिपेर शब्दहार टिपेर फ्याक्नु हुन्छ ।

अष्टादश पुराणेषु व्यासस्य वचन दोयम ।
परोपकार पुण्याय पापाय परपिडनम् ।

बुद्धको कुराकानी गर्नु पहिले शिवको सम्झना गर्नुछ । नेपाल राष्ट्रको चिनारी शिवजी जस्को उचाइ सगरमाथाको भन्दा पनि अग्लो छ । ॐ अक्षरमा अ+उ+म ॐ हुनेछ । सर्जक ब्रम्हाजी, पालक विष्णुजी र संहारकर्ता शिवजी भनिन्छ । शिव पार्वतीको महिमा शिवरात्री पर्व र तीज आदिले पुष्टि गर्दछ । बुद्वजयन्ती लुम्विनी प्रदेश सारमा पवित्र तीर्थ हो । लुम्बिनी पवित्र धाम हो ।

बुद्व नेपाल राष्ट्रका प्रतीक हुनुहुन्छ । भनेर प्रचार प्रसार गर्नलाई ढिलाइ भइसकेको छ । १ नेपाल राष्ट्रले प्रदान गर्ने राहदानीमा बुद्धको प्रतीक (फोटो) राखिनु पर्ने (२) नेपाली नोटमा बुद्धको प्रतीक (फोटो) राखिनु पर्ने (२) विद्यालय तह देखि विश्व विद्यालयसम्म र लोकसेवाले लिइने पाठ्यक्रम पाठ्यपुस्तकमा बुद्धको प्रतीक (फोटो) राखिनु पर्ने । तल्लो कक्षादेखि अनुसन्धान तहको विद्यावारिधीतहसम्मनै बुद्धको बाल लीलादेखि त्याग तपस्या योगदान ध्यान आदिका बारेमा चर्चा र सर्वत्र वर्णन सुव्याख्या आदि भरपूर गरिनुपर्ने देखिन्छ ।

उभौली पर्व :

नेपाल राष्ट्र एउटा शरीर हो । शरीरका अंगका रूपमा वर्षभरिनै उदय हुने चाड/पर्व उत्सव आदिलाई लिइन्छ । नेपालको मूल कानून संविधान हो । वि.सं २०७२ आश्विन ३ गते आएको संविधान विश्वकै उत्कृष्ट संविधान भनिन्छ । झण्डै शत प्रतिशत सांसदहरुको उपस्थितिले समर्थन गर्नुभएको संविधान आएको आज दशकौं भइसकेको छ । यसको संशोधन परिमार्जन गर्ने कार्यमा अहिले रा.स्व.पा सरकार डटेर लागेको छ । राष्ट्रियरूपमा रहनुभएका नेताले तय गर्नुभएका घोषणापत्र क्लष्टर आदिलाई राखेर भोलिको पुस्तामा मुस्कान छर्ने सुखी र समृद्ध राष्ट्रको रुपरेखा अवश्य कोर्नु हुनेछ ।

राष्ट्रमा घुस र (२) कमिशन (३) भ्रष्टाचार शून्यमा झर्नेछ । राष्ट्रले नि:शुल्क शिक्षा, नि:शुल्क स्वास्थ्य सबैका खातिर कामको प्रबन्ध मिलाउने संविधान आउने अपेक्षा भुइँका मानिसको छ । देशले सार्कराष्ट्रमा हेरेर निचोड निकाले राम्रो लाग्दछ । नेपाल भन्दा सानो राष्ट्र भूटान/भूटान जनतालाई शिक्षा स्वास्थ्य रोजगार दिन सफल भएको छ । नेपाल भन्दा कैयौ गुणा सानो राष्ट्र सिंगापुर जसलाई सुन्दर बनाउने नायक लिक्वान । लिक्वानलाई आज सिंगापुरे जनताले देवताका प्रतीक मानेर पूजा र अर्चना गर्दछन । सिंगापुर एउटा उत्सवमय भएको छ । प्रकृतिको उपहार स्वरुप मान्दछन । सिंगापुरका बासिन्दा । दिमेकी राष्ट्र मलेशिया धेरै नेपालीलाइ काम दिने राष्ट्र पनि हो । मलेशिया डा.माथुरलाई मलेशिया बासीले देवता मान्दछन ।

मलेशियाबासिले उत्सवमय मान्नुहुन्छ । उत्कृष्ट कर्म उत्सव हो । असल शासन पर्व हो जहाँ उत्कृष्ट चरित्र निर्माण हुने गर्दछ । संस्कार संस्कृति सभ्यता मूल्य र मान्यता अमूल्य निधि (सम्पति) मानिन्छन् । यस्ता उत्सव पर्व र चाडहरू मान्ने र जगेर्नाका साथ परिमार्जनसहित उत्कृष्ट बनाई लैजाने कार्यको पुस्तान्तरण गरिनु पर्दछ । पछिल्लो पुस्ताले सहर्ष स्वीकार गर्न सहज बनाइ सिकाउदै लैजानु पर्दछ ।

आआफ्ना कुलपूजा देवाली धूप गोठ धूप आदिको तौढ तरिका पुस्तान्तरण गरिनु आजको सन्दर्भ पनि हो । वर्षमा २ पटक गोठ धूप गरिन्छ । ३ वर्षभित्र कुलपूजा गरिन्छ । ३२ लाखभन्दा ज्यादा संख्यामा रहनु भएका पौडेल बन्धुबान्धव आ–आफ्ना स्थानमा यी पर्व मनाउंदै हुनुहुन्छ । बागमती प्रदेशको राजधानी रहेको स्थान विन्दवासिनी मन्दिर कमाने ८ मा उभौली पर्व गोठ धूपमा स्वागत छ ।

*: समाप्त :*

# सुदूरपश्चिमले दियो २२ अर्बको बजेट सिलिङ




धनगढी/प्रदेश नीति तथा योजना आयोगले सुदूरपश्चिम प्रदेश सरकारलाई आर्थिक वर्ष २०८३/०८४ का लागि २२ अर्बको बजेट सिलिङ दिएको छ। आयोगले २२ अर्ब ६३ करोड ६७ लाख ६६ हजारको बजेट सिलिङ तयार गरी आर्थिक मामिला मन्त्रालयलाई बजेट विनियोजन तथा योजना छनौटको मार्गदर्शन पठाएको हो । चालुतर्फ ११ अर्ब २१ करोड १६ लाख र पुँजीगत्तर्फ ११ अर्ब ४२ करोड ५१ लाखको सिलिङ निर्धारण गरेको आयोगले जनाएको छ।

सोहीबमोजिम आर्थिक मामिला मन्त्रालयले विषयगत् मन्त्रालयलाई मार्गदर्शनसहित सिलिङ पठाएको हो। आयोगका अनुसार चालु वर्षको सिलिङभन्दा आगामी वर्षको सिलिङ दुई अर्ब २४ करोड घटेको छ । गतवर्ष २४ अर्ब ८७ करोड सिलिङ निर्धारण गरिएको थियो ।

यस वर्ष नेपाल सरकारबाट प्राप्त हुने अनुदान र राजस्व बाँडफाँट घटेको र आन्तरिक आय पनि बढ्न नसकेको हुँदा सिलिङ घटेको आयोगका सचिव गणेशबहादुर सिंहले बताए।

आर्थिक मामिला मन्त्रालयका उपसचिव अर्जुन खड्काले आयोगबाट आएको सिलिङ र मार्गदर्शनअनुसार विषयगत् मन्त्रालयहरुलाई योजना छनौट गरी बजेट विनियोजन गर्न मार्गदर्शन र सिलिङ पठाएको बताए। उनले मंगलबार नै आर्थिक मामिला मन्त्रालयले विषयगत् मन्त्रालयलाई सिलिङ पठाएको बताए। आयोगका अनुसार भौतिक पूर्वाधार विकास मन्त्रालयलाई सबभन्दा बढी सात अर्ब ५३ करोड ९१ लाखको बजेट सिलिङ दिइएको छ । सामाजिक विकास मन्त्रालयले तीन अर्ब ४३ करोड १९ लाखको सिलिङ पाएको छ। भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले दुई अर्ब ५९ करोड र उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयले एक अर्ब ३८ करोड ७५ लाखको सिलिङ पाएको छ । प्रदेशसभा सचिवालयले २० करोड ३५ लाख, लोकसेवा आयोगले ११ करोड ५६ लाख, मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयले २१ करोड ६३ लाख, आर्थिक मामिला मन्त्रालयले २९ करोड ६० लाख, आन्तरिक मामिला तथा कानुन मन्त्रालयले ३२ करोड ३७ लाख र

*व्यापारीको विरोधले भन्सार ठप्प*

# नयाँ 'स्वघोषणा' सुविधाको लागु

वीरगञ्ज/आयातित सामानमा अनिवार्यरूपमा अधिकतम खुद्रा मूल्य (एमआरपी) उल्लेख गर्नुपर्ने सरकारको नयाँ नीतिले सिर्जना गरेको अड्चनलाई सम्बोधन गर्दै सरकारले आफ्नो निर्णयमा तत्काल संशोधन गरेको छ।

वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागले गत चैत ३० गते सूचना जारी गरी वैशाख १५ गतेदेखि सबै आयातित वस्तुमा एमआरपी लेबल अनिवार्य गर्ने घोषणा गरेको थियो। तर, व्यापारी तथा उद्योगीहरूले तत्कालै विरोध जनाउँदै भन्सार जाँचपासमा अवरोध सिर्जना गरेका थिए।

फलस्वरूप वीरगञ्जलगायत




देशभरका भन्सार कार्यालयमा सामान जाँचपास रोकिँदा राजस्व सङ्कलनमा ठूलो प्रभाव परेको थियो। व्यवसायीहरूको दबावपछि सरकारले तत्काल नयाँ व्यवस्था लागू गरेको छ।

नयाँ व्यवस्थाअनुसार पैठारीकर्ताले भन्सार बिन्दुमा पुगेका वस्तुको एमआरपी कति हुने हो सोको विवरण आफैँले स्वघोषणा गर्न सक्नेछन्। यसैगरी, सामान पैठारी भइसकेपछि बिक्री वितरण गर्नुअघि मात्र लेबल लगाएर पठाउने भनी लिखित प्रतिबद्धता जनाएर पनि मालवस्तुको जाँचपास गर्न सकिने सुविधा सरकारले उपलब्ध गराएको छ।

भन्सार विभागले उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयलाई लेखेको पत्रमा औद्योगिक कच्चा पदार्थ, मेसिनरी, औजार तथा फलफूल-तरकारीजस्ता छिटो सड्ने वस्तुहरूको जाँचपासमा सबैभन्दा ठूलो समस्या देखिएको उल्लेख गरेको छ। वैशाख १५ देखि नै अधिकांश आयातित सामान भन्सारमा अल्झिएका थिए। नयाँ निर्देशनसँगै भन्सार प्रक्रिया सहज हुने र व्यापार

# स्थानीय तहबाटै नापी र मालपोत सेवा दिन २ सय बढी पालिका तयार

काठमाडौं/स्थानीय तहबाटै नापी तथा मालपोत सेवा दिन २०७ वटा पालिका इच्छुक देखिएका छन्। भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयले एक साता नापी तथा मालपोत कार्यालयको सेवा स्थानीय तहबाटै दिन इच्छुक पालिकाहरूलाई सहभागीका लागि सूचना आह्वान गरेको थियो। सोही अनुसार बिहीबारसम्म धरान उपमहानगरपालिकासहित २०७ वटा पालिकाले स्थानीय तहबाट सेवा दिन इच्छुक रहेको जानकारीसहित मन्त्रालयमा निवेदन पठाएका छन्।

हुम्लाको सर्केगाड गाउँपालिका, इलामको चुलाचुली गाउँपालिका, सर्लाहीको चक्रभट्टा गाउँपालिका, कञ्चनपुरको बेलडाँडी गाउँपालिका सहित घोराही उपमहानगरपालिका, धरान उपमहानगरपालिका र धनगढी उपमहानगरपालिकासमेत रहेका छन्।

यस्तै भरतपुर महानगरपालिका र पोखरा महानगरपालिकाले समेत स्थानीय तहबाटै नापी तथा मालपोतको सेवा दिन तयार रहेको भन्दै मन्त्रालयमा निवेदन पठाएका छन्। मन्त्रालयले प्राप्त निवेदनउपर अध्ययन थालेको छ । मन्त्रालयले चरणबद्धरूपमा इच्छुक सबै पालिकालाई सेवा हस्तान्तरण गर्ने योजनाअनुसार पहिलो चरणमा केही पालिकाहरू छनोट गरी नापी तथा मालपोतसम्बन्धी सेवाहरू स्थानीय तहमा हस्तान्तरण गर्ने तयारी समेत सुरु गरेको छ।

पालिका छनोट गर्दा सेवाग्राहीको चापको अवस्था, पहुँच तथा व्यवस्थापन क्षमतालाई आधार मानी कम भिडभाड भएका साथै अत्यधिक सेवा चाप रहेका पालिकालाई प्राथमिकता दिइने र चरणबद्धरुपमा पालिकाको छनौट गरिने भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्री प्रतिभा रावलको सचिवालयले जनाएको छ।

# पहिलो पटक याक-चौंरी महोत्सव

रसुवा/रसुवाको आमाछोदिङ्मो गाउँपालिका-३ स्थित पार्वतीकुण्डमा बैशाख १३ देखि १५ गतेसम्म पहिलो पटक याक-चौंरी महोत्सव सम्पन्न भएको छ । जिल्लामै पहिलो पटक आयोजना गरिएको महोत्सवले आन्तरिक तथा वाह्य पर्यटक वृद्धि हुने अपेक्षा छ।

आमाछोदिङ्मो गाउँपालिकाको विशेष सहयोगमा आयोजित महोत्सवको मुख्य उद्धेश्य याक तथा चौंरी संरक्षण र प्रवर्द्धन गर्नुका साथै स्थानीय कला, संस्कृति, धर्म र पशुपालनलाई टेवा पुर्‍याउनु रहेको आयोजकले बताएका छन्। गत्लाङ क्षेत्रका बासिन्दाको मुख्य आयस्रोत कृषि तथा पशुपालन रहेको भन्दै महोत्सवले किसानहरुको मनोबल बढाउनुका साथै थप ऊर्जा प्रदान गर्ने लक्ष्य राखिएको पालिका अध्यक्ष बुचुङ तामाङले जानकारी दिए। उनले धार्मिकस्थल पार्वतीकुण्ड तथा स्थानीय होमस्टेहरुको प्रचारप्रसार गरी यस क्षेत्रलाई विश्वव्यापीरुपमा चिनाउने उद्धेश्य रहेको बताए । महोत्सवको पहिलो दिन सयौं चौंरी प्रदर्शन गरिएको थियो भने उत्कृष्ट चौंरीपालक किसानलाई सम्मान तथा पुरस्कार वितरण गरिएको थियो। चौंरीजन्य परिकारहरुको प्रदर्शनी गरिएको थियो। भेंडाको ऊनबाट बनेका पटुका, टोपी, स्वीटर, गलैंचा, पाखी र राडीजस्ता सामग्रीहरुको बिक्रीसमेत गरिएको थियो, जसबाट लाखौंको व्यापार भएको आयोजकले जनाएको छ।

आमाछोदिङ्मो गाउँपालिका-३ का अध्यक्ष सुरेन्द्र तामाङका अनुसार युवाहरुको विदेश पलायन र सहरतर्फको आकर्षणका कारण परम्परागत् चौंरीपालन पेशा संकटमा परेको छ।

चरण क्षेत्रको अभावले उच्च पहाडी तथा हिमाली क्षेत्रमा चौंरीगोठ घट्दै गएको अवस्थामा महोत्सवले संरक्षण र सम्भावनाबारे सकारात्मक सन्देश दिएको उनले बताए । महोत्सवकै अवसरमा पालिकास्तरीय सांस्कृतिक प्रतियोगिता तथा हाफ म्याराथन प्रतियोगिता पनि आयोजना गरिएको थियो।

# लालीबजार रोकिएपछि मौन प्रदर्शन

काठमाडौं/कला, फिल्म र साहित्यमा अभिव्यक्ति स्वतन्त्रताको संरक्षणका लागि बुधबार कलाकर्मीहरुले माइतीघर मण्डलामा शान्तिपूर्ण विरोध प्रदर्शन गरेका छन्। समुदायको धारणा नसुनी केवल एक व्यक्तिको विरोधका आधारमा उच्च अदालत पाटनले बैशाख १८ गते प्रदर्शन हुने तयारीमा रहेको फिल्म *लालीबजार*को रिलिज तीन दिनअघि बैशाख १५ गते रोक लगाउनुले अभिव्यक्ति र कलात्मक स्वतन्त्रता माथि गम्भीर प्रश्न उठाएको कलाकर्मीहरुले आरोप लगाएका छन्।

यस्ता घटनाहरु दोहोरिन नदिन र सृजनशील क्षेत्रको स्वतन्त्रताको रक्षा गर्न नेपाल चलचित्र निर्माता संघ, नेपाल चलचित्र संघ तथा नेपाल चलचित्र निर्देशक समाजले साझा ऐक्यबद्धता जनाउँदै अदालतको निर्णय एकतर्फी भएको भन्दै विरोध जनाएका हुन्। शान्तिपूर्ण र मर्यादित विरोध कार्यक्रममा कलाकर्मीले हातमा कालोपट्टी बाँधेर १५ मिनेटसम्म मौन प्रदर्शन गरेका थिए।

त्यसपछि आयोजित कार्यक्रममा निर्माता संघ अध्यक्ष उदय सुब्बा र महासचिव खगेन्द्र लामिछाने, नेपाल चलचित्र संघ अध्यक्ष नरेन्द्र महर्जन, नेपाल चलचित्र निर्देशक समाज अध्यक्ष जनकदीप पराजुली, निर्देशक अशोक शर्मा, मनोज पण्डित, गणेशदेव पाण्डे, निश्चल बस्नेत, सुयोग गुरुङ, रौनकविक्रम कँडेलगायतले आफ्ना धारणा राख्दै फिल्मबारे निष्कर्षमा पुग्नुअघि यसको विषयवस्तु राम्रोसँग बुझ्नुपर्नेमा जोड दिए।

# एमआरपी अनिवार्यप्रति उवा संघको आपत्ति




चितवन/नेपाल सरकारले आयातित तथा स्वदेशमा उत्पादित सम्पूर्ण वस्तुमा अधिकतम् खुद्रा मूल्य (एमआरपी) अनिवार्यरुपमा उल्लेख गर्नुपर्ने व्यवस्था लागु गर्न लागेपछि चितवन उद्योग वाणिज्य संघले गम्भीर ध्यानाकर्षण भएको जनाएको छ। संघले उपभोक्ताको हित संरक्षण, बजार पारदर्शिता र स्वस्थ्य व्यावसायिक अभ्यासको उद्धेश्य सकारात्मक भए पनि पर्याप्त पूर्वतयारी र स्पष्ट कार्यविधिबिना हतारमा कार्यान्वयन गर्न खोजिएको भन्दै असन्तुष्टि व्यक्त गरेको छ।

यस्तो निर्णयले व्यवसायीहरुमा अन्यौल र असमञ्जस्यता सिर्जना गरेको संघको भनाइ छ। संघका अनुसार नेपालजस्तो सानो तथा संवेदनशील अर्थतन्त्रमा अधिकांश व्यवसायी साना तथा मझौला स्तरका छन्। उनीहरुले बजारको उतारचढाव, ढुवानी खर्च, विनिमय दर, भन्सार मूल्यांकन, कर संरचना तथा मौज्दात व्यवस्थापनका आधारमा वस्तुको मूल्य निर्धारण गर्दै आएका छन्। यस्तो अवस्थामा तत्काल एमआरपी अनिवार्य गर्दा लागत निर्धारण जटिल हुने, मौज्दात वस्तुमा पुन: लेबलिङ गर्नुपर्ने र अतिरिक्त आर्थिक भार पर्ने उल्लेख गरिएको छ।

एमआरपीको ४० देखि ५० प्रतिशत्सम्म भन्सार मूल्यांकन गर्ने प्रावधानलाई व्यवसायीहरुले अव्यवहारिक बताएका छन्। यसका कारण कतिपय सामान भन्सारमै रोकिएको, भन्सार पास प्रक्रियामा समस्या आएको र आपूर्ति श्रृंखला प्रभावित भएको गुनासो गरिएको छ। यसले बजारमा अभाव, मूल्यवृद्धि र राजस्व संकलनमा समेत असर पार्ने जोखिम रहेको संघले जनाएको छ। संघले कुनै पनि नीतिगत् व्यवस्था लागु गर्नुअघि निजीक्षेत्र, उद्योगी-व्यवसायी, उपभोक्ता अधिकारकर्मी, भन्सार एजेन्ट र सम्बन्धित निकायसँग पर्याप्त छलफल आवश्यक रहेको बताएको छ।

डिजिटल लेबलिङ, बजार अनुगमन क्षमता वृद्धि, साना व्यवसायीलाई प्राविधिक सहयोग, पुराना मौज्दात व्यवस्थापन र आयातकर्तालाई संक्रमणकालीन अवधि दिनुपर्नेमा जोड दिएको छ। संघले स्पष्ट कार्यविधि, व्यवहारिक तयारी र सरोकारवालाबीच समन्वय नभएसम्म उक्त व्यवस्था कार्यान्वयन नगर्न नेपाल सरकारसँग आग्रह गरेको छ।

## आज अन्तर्राष्ट्रिय श्रमिक दिवस

काठमाडौं/यस वर्षको अन्तर्राष्ट्रिय श्रमिक दिवस अर्थात् मे दिवस आज विविध कार्यक्रम गरी मनाइँदैछ। सन् १८८६ मा अमेरिकाको सिकागोमा 'आठ घण्टा काम, आठ घण्टा मनोरञ्जन र आठ घण्टा आराम' नारासहित सुरु भएको मजदुर आन्दोलनको सम्झनामा विश्वभर श्रमिक दिवस मनाइन्छ।

आन्दोलनका क्रममा सिकागोको हेय मार्केट भन्ने ठाउँमा बम विस्फोट भयो। बम विस्फोट कसले गराएको भन्ने तखुले पनि प्रहरीले आन्दोलनरत् मजदुरमाथि व्यापक दमन गर्‍यो।

प्रहरीको गोली लागेर सात जना मजदुरको मृत्यु भयो। मजदुर आन्दोलनले अन्ततः सफलतासमेत हासिल गर्‍यो। सन् १८८९ मा फ्रान्सको पेरिसमा सम्पन्न विश्वका श्रम संगठन एवम् श्रमिक नेताको बैठकले विश्व श्रमिक दिवस विश्वभर मनाउने निर्णय गरेको हो । त्यसयता सन् १८९० देखि हरेक वर्ष अंग्रेजी महिनाको मे १ तारिखमा श्रमिक दिवस मनाउन सुरु गरियो।

विश्वका मजदुरले यस दिवसलाई पर्वकारुपमा लिँदै आफ्ना हकअधिकारको सुनिश्चितताका लागि सरकार र रोजगारदातालाई दबाब दिने उद्धेश्यले विभिन्न कार्यक्रम गरी मनाउँछन्।

नेपालमा मजदुर संगठनले विभिन्न कार्यक्रम गरी दिवस मनाउने तयारी गरेका छन्। नेपालमा विराटनगरमा २००७ सालमा मजदुर आन्दोलनसँगै दिवस मनाइन थालिएको हो। २०४६ को राजनीतिक परिवर्तनसँगै नेपालमा दिवसमा सार्वजनिक बिदा दिन थालियो।

यस वर्ष अखिल नेपाल ट्रेड युनियन महासंघ, नेपाल ट्रेड युनियन कांग्रेस, अखिल नेपाल क्रान्तिकारी ट्रेड युनियन महासंघ, नेपाल लोकतान्त्रिक ट्रेड युनियन महासंघ स्वतन्त्रलगायत मजदुर संगठनले सभालगायत विविध कार्यक्रम गरी मनाउन लागेको जनाएका छन्।

# स्वास्थ्य क्षेत्रको कार्यसम्पादमा प्रश्नैप्रश्न



प्रवीण ढकाल

काठमाडौंको/मेयरका रुपमा वालेन्द्र शाह (बालेन)को छवि 'एक्सन' र 'डेलिभरी' दिने व्यक्तिका रुपमा बनेको थियो । त्यही छविले उनलाई प्रधानमन्त्रीसम्मको यात्रा तय गराएको एक महिना पूरा भई सकेको छ। बालेन प्रधानमन्त्री नियुक्त भएकै दिन स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको जिम्मेवारी नर्सिङ पृष्ठभूमिकी निशा मेहताले पाइन्।

मेहतालाई स्वास्थ्यसँगै खानेपानी जस्तो संवेदनशील मन्त्रालयको भार पनि सुम्पिएको छ। तर, दुई तिहाइ बहुमत नजिकको शक्तिशाली सरकार र एउटै दलका प्रधानमन्त्री तथा स्वास्थ्यमन्त्री भएको यो'अनुकुल समय'मा स्वास्थ्य क्षेत्रले उति 'सञ्चो' महशुस गर्न सकेको छैन। कामको गति जति हुनुपर्ने थियो, त्यो देखिदैन। बरु स्वास्थ्यमन्त्री र उनको टिम 'कुहिरोको काग' जस्तो देखिन थालेका छन्।

एक महिनाको अवधिलाई हेर्दा सरकार स्वास्थ्यमा के गर्ने र कसरी अगाडि बढ्ने भन्ने अन्यौल, अलमल र "हनिमुन पिरियड"को अल्छ्याइँमै रुमल्लिएको देखिन्छ। आगामी आवका लागि बजेट बनाउने महत्वपूर्ण समयमा स्वास्थ्य मन्त्री मेहताले भने स्वास्थ्य क्षेत्रमा के-के विषयमा प्राथमिकता दिने र बजेटमा के विषय राख्ने भन्ने योजनासमेत दिन सकेकी छैनन्। स्वास्थ्य मन्त्री मेहताले स्वास्थ्य क्षेत्रमा सरकारले चाहेको "डिपार्चर" यस्तो हो र हामीले यसरी काम गर्नुपर्छ भन्ने कुरासमेत कर्मचारीलाई बताउन सकेकी छैनन्। 'सस्तो लोकप्रियता' र प्रणालीगत सुधारको खाडल स्वास्थ्यमन्त्री मेहताले पदभार ग्रहण गरेसँगैअस्पतालहरूमा १० प्रतिशत निःशुल्क उपचारको व्यवस्थालाई कडाइका साथ लागू गर्न छुट्टै पोर्टलको सुरुवात गरिन्। त्यसले स्वास्थ्य क्षेत्र सुधारको संकेत गरेको थियो तर कार्यान्वयन फितलो बन्दा 'लोकप्रियता'मै रुमल्लिएको महशुस नागरिकलाई हुन थालेको छ। बिहीबार बेलुकी ५ बजेको तथ्यांक अनुसार १० प्रतिशत निःशुल्क बेडमा उपलब्ध ३ हजार ११० छन् तर प्रयोगमा जम्मा १४१ देखिन्छ।

आमनागरिकलाई ती बेड प्राप्त गर्ने प्रक्रियाका बारेमा बुझाउन नसक्दा यस्तो अवस्था आएको देखिन्छ। तर, हालसम्म प्रक्रिया बुझाउने कुरामा मन्त्रालयको ध्यान गएको देखिदैन। के स्वास्थ्य मन्त्रालयको काम केवल पोर्टल बनाउने र सानातिना निर्देशन दिने मात्रै हो ?

नेपालको स्वास्थ्य प्रणाली के हो ? संविधान, जनस्वास्थ्य सेवा ऐन, स्वास्थ्य बीमा ऐनसहित अन्य कानुनले नेपालको स्वास्थ्य प्रणाली आधारभूत स्वास्थ्य निःशुल्क र त्यसभन्दा माथिको सेवा स्वास्थ्य बीमाबाट दिने भन्ने स्पष्ट पारेको छ। तर, यसतर्फ भने मन्त्री मेहताले कदम नै चाल्न सकेकी छैनन्। बरु उल्टै यो बिचमा सबैभन्दा सुधार र काम गर्नुपर्ने स्वास्थ्य बीमालाई नै नेतृत्वविहिन बनाएर अलपत्र पार्ने काम भएको छ।

संविधानले नै आधारभूत स्वास्थ्य निःशुल्क र त्यसभन्दा माथिका सबै सेवा स्वास्थ्य बीमाबाट दिने परिकल्पना गरेपछि सरकारको ध्यान पनि त्यसैतर्फ हुनुपर्ने हो। नकि १० प्रतिशत निःशुल्क वा अन्य कुनै निःशुल्क नामका लोकप्रिय कार्यक्रममा। स्वास्थ्य प्रणालीलाई नै बलियो बनाएर जाने हो भने आधारभूत स्वास्थ्य भन्दा माथिका लाखौं वा करोडौं पर्ने उपचार सेवा पनि स्वास्थ्य बीमाबाट नागरिकले सहजरुपमा पाउने वातावरण बन्छ। तर, यहाँ लोकप्रियताका लागि प्रणाली बलियो बनाएर जाने भन्दा पनि १० प्रतिशत शैय्या निःशुल्क दिने जस्ता सामान्य काममा अलमलिएको देखिन्छ।

स्वास्थ्य बीमा प्रभावकारी नहुँदा अहिले पनि विपन्न नागरिक राहत जस्ता छरिएका सामाजिक सुरक्षा कार्यक्रमहरू चलिरहेका छन्। सरकारले अब 'नेपालको स्वास्थ्य प्रणालीको मोडल' स्पष्ट पार्दै स्वास्थ्य बीमालाई मेरुदण्ड बनाउनुपर्ने हो। आधारभूत स्वास्थ्यभित्र पर्ने सबै सेवालाई संविधानले ग्यारेन्टी गरे अनुसार निःशुल्क उपलब्ध गराउने तर्फ कार्यक्रम र योजनाहरु बनाउनु पर्ने हो। तर, बजेट बनाउने समयसम्म पनि यसमा ठोस कदम चाल्न सकेको देखिँदैन। स्वास्थ्य बीमालाई बलियो बनाउन सर्वप्रथम त सरकारले बीमा बोर्डमा कार्यकारी निर्देशक नियुक्त गर्दै बोर्डको संगठन संरचना सुधारका काम अगाडि बढाउनुपर्थ्यो। यो क्षेत्रमा तत्कालै एक्सनमा जानुपर्ने समयमा उल्टै बोर्डलाई नै नेतृत्व विहिन बनाएर कमजोर बनाउने एक्सनमा मन्त्री लागेको देखिन्छ।

स्वास्थ्य बीमालाई बलियो बनाउन सरकारी कर्मचारी, औपचारिक क्षेत्र र वैदेशिक रोजगारीमा जानेका परिवारलाई अनिवार्य बीमामा ल्याउने विषयमा सरकारको एक्स्न जरुरी छ। बीमा बोर्डको सुदृढीकरणका लागि सञ्चय कोष, नागरिक लगानी कोष र सामाजिक सुरक्षा कोषका स्वास्थ्य कार्यक्रमहरूलाई बीमा बोर्डकै छाता मुनि ल्याई 'एकद्वार प्रणाली' लागू गर्ने विषयमा सरकारको एक्सन जरुरी छ।

यसका साथै बीमा कोषको स्रोत बलियो बनाउन सूर्तीजन्य र मदिरा मात्र होइन, अब चिनीजन्य पेय पदार्थ र ट्रान्सफ्याट भएका अस्वस्थकर खाद्यान्नमा 'स्वास्थ्यकर कर' लगाएर त्यसको निश्चित हिस्सा बीमा कोषमा जम्मा गर्ने व्यवस्था बजेटमै ल्याउने जस्ता एक्स्नमा सरकार लाग्नुपर्ने समय हो। सरकारको प्राथमिकतामा यदि स्वास्थ्य बीमा पर्ने हो भने सरकारले आगामी साउन १ देखि स्वास्थ्य बीमामार्फत् १० लाख सम्मको उपचार ग्यारेन्टी गर्ने र पाँच वर्षभित्र 'पूर्ण कभरेज'को लक्ष्य लिनै पर्छ। यसका लागि सरकारले बोर्डको जनशक्ति र पूर्वाधारमा आजै देखि लगानी गर्नुपर्छ। तर, स्वास्थ्य मन्त्रीको प्राथमिकता न त स्वास्थ्य बीमालाई बलियो बनाउनेतर्फ देखिन्छ, न त स्वास्थ्य प्रणालीको विकासमा।

***नयाँ भिजन र दीर्घकालीन मार्गचित्रको अभाव :***

नेपालको स्वास्थ्य क्षेत्रमा लामो समयदेखि नयाँ 'भिजन' र दीर्घकालीन मार्गचित्रको अभाव खड्किएको छ । बिगतमा राजनीतिक भागबण्डामा सरकार बन्दा स्वास्थ्य मन्त्रीले अर्थ र प्रधानमन्त्री कार्यालय लाई दोष देखाउँदै उम्कने गरेका थिए। तर, अहिले स्वास्थ्य क्षेत्रमा स्पष्ट नयाँ भिजन र दीर्घकालीन मार्गचित्र बनाएर काम गर्ने उपयुक्त वातावरण छ। तर, सरकार गठन भएको एक महिनाभन्दा बढी समय भइसक्दा पनि न त प्रधानमन्त्रीबाट नागरिकले सहज र सुलभ सेवा पाउने ठोस योजना आएको छ, न स्वास्थ्य मन्त्री मेहताबाटै।

झण्डै दुई तिहाइ बहुमतको सरकार भएको अहिलेको अनुकूल समयमा सर्वप्रथम त स्वास्थ्य क्षेत्रमा सरकारले गर्न चाहेको काम र प्रणालीगत सुधारको काम के हो भन्ने स्पष्ट खाका वा धारणा बाहिर आउनु पर्ने थियो र त्यही अनुसारको एक्सन मन्त्रालयबाट हुनुपर्ने थियो।

यो बिचमा बालेन नेतृत्वको सरकारले सार्वजनिक गरेको शासकीय सुधारका लागि १०० बुँदे कार्यसूचीमा स्वास्थ्य क्षेत्रका ६ वटा विषयहरु परेका छन्। यी ६ वटै विषय स्वास्थ्य क्षेत्रको समग्र प्रणालीगत सुधार र विकासका लागि छैनन्। ६ वटा विषयमा पहिलो नम्बरमा १० प्रतिशत शय्या निःशुल्क उपलब्ध गराउने विषय रहेको छ। दोस्रो नम्बर बुँदामा भने स्वास्थ्य सूचना प्रणाली विकास गर्ने विषय रहेको छ। यसमा बिरामीको उपचार इतिहास, रेफर तथा फलोअपका विषय रहेका छन्। यदि स्वास्थ्य बीमालाई नै बलियो बनाएर उपचार प्रोटोकल र रेफर प्रोटोकलमा ध्यान दिने हो भने यो विषयलाई यसरी छुट्टै र जटिल बनाउनै पर्ने थिएन।

सरकारी अस्पतालमा स्वास्थ्यकर्मीको उपस्थिति, व्यवहार, सरसफाइ र सेवाको आधारभूत मापदण्ड सुनिश्चित गर्न र सम्पूर्ण सेवा प्रवाहलाई नागरिकमैत्री र जवाफदेही बनाउने विषय पनि बालेन सरकारको प्राथमिकतामा छ। यो विषयमा केही सुधारका काम अगाडि बढेको देखिन्छ। तर, न्यूनतम सेवा सुविधा र २०४८ सालको दरबन्दी तथा संगठन संरचनामा सेवा प्रवाह गरिरहेका स्वास्थ्यकर्मीले कति दिन दबाब र डरमा सेवा प्रवाह गर्लान ? यो विषयमा स्वास्थ्यकर्मीको मनोबल बढाउने केही योजना बनाउने कि नबनाउने ?


यसतर्फ बालेन सरकारको योजना के हो ? त्यो विषय पनि आउन आवश्यक छ। बालेन सरकारले अहिले सुलभ फार्मेसीको विषय बाहिर ल्याएको छ। यो कुनै नयाँ विषय भने होइन। अस्पतालहरुमा आफ्नै फार्मेसी हुनुपर्ने भन्ने यस अघिकै नियमको नाम मात्र फरक दिइएको हो। यस क्षेत्रमा पनि थुप्रै सुधारको आवश्यक देखिन्छ।







## आकर्षक जग्गा सस्तो मुल्यमा बिक्रीमा




आवास, संघ/संस्था तथा उद्योगको लागि उपयुक्त जग्गा तपाईको मुल्यमा पाउनु हुनेछ। स्थान: रातोमाटे भोर्ले।
सम्पर्क नं. : ९८४५०२८५०८, ९८४५०३१३४७

# विश्वभर मनाइँदै बुद्ध जयन्ती

सन्देश संवाददाता


नमोस्तु बुद्धाय विशुद्धबोधये
विशुद्धधर्मप्रतिमासबुद्धये।
सद्धर्मपुण्योपगतानुबुद्धये ।
भवाग्रशून्याय विशुद्धबुद्धये ।

शान्तिका अग्रदुतका रुपमा विश्वमा परिचित सिद्धार्थ गौतमको जयन्ती आज भगवान् विष्णुको नवौं अवतारका रुपमा जन्म लिएका बुद्धको पूजा, आराधना एवम् प्रवचन गरी मनाइँदै छ। प्रत्येक वर्ष वैशाख शुक्ल पूर्णिमाका दिन बुद्ध जयन्ती मनाइन्छ । सिद्धार्थ गौतमले विश्व शान्ति स्थापनाका लागि पुर्‍याएको योगदानको स्मरणस्वरुप यस पर्व मनाउने गरिएको हो ।

बुद्धको जन्म, ज्ञान प्राप्ति, महापरिनिर्वाण (मृत्यु) वैशाख शुक्ल पूर्णिमाकै तिथिमा परेकाले यस दिन नेपाललगायत विश्वका बौद्ध धर्मावलम्बीले बुद्धप्रति भावपूर्ण श्रद्धा र भक्तिले बुद्ध जयन्ती मनाउने गर्दछन् । 'अहिंसा नै शान्ति र मैत्रीको आधारशीला हो,' यस्ता अनेकौं कालजयी सन्देशवाहक भगवान् गौतम बुद्धको जयन्ती शान्तिको कामना गर्दै आज देशभर मनाउन लागिएको हो ।

बौद्ध धर्मावलम्बीले चैत्य, गुम्बा, विहारलगायत स्थलमा लामा एवम् बौद्ध धर्मगुरु बसेर परम्परादेखि हुँदै आएको पूजालगायत विधि पूरा गरिन्छ । आममानिसलाई बेलुका घरमा दीपावली गरेर बुद्ध जयन्ती मनाउने गरेका छन् । यस अवसरमा लुम्बिनी, स्वयम्भु, बौद्धलगायत स्थलमा विविध कार्यक्रम आयोजना गरी बुद्ध जयन्ती मनाउने परम्परा छ ।

इसापूर्व ५६३ मा रुपन्देही जिल्लास्थित लुम्बिनी उद्यानमा पिता राजा शुद्धोधन र माता मायादेवीको गर्भबाट वैशाख शुक्ल



पूर्णिमाका दिन सिद्धार्थ गौतमको जन्म भएको थियो । राजकुमारका रुपमा जन्म लिएका सिद्धार्थ गौतम मानिसले पाएका दु:ख देखेर चिन्तित बने । वैशाख शुक्लपक्षको पूर्णिमा तिथिमा महात्मा गौतम बुद्धको त्रिसंयोग अर्थात् जन्म, ज्ञान प्राप्ति र महापरिनिर्वाणसमेत भएकाले आजको तिथिलाई संसारका बौद्ध धर्मावलम्बीले भगवान् बुद्धप्रति अत्यन्त श्रद्धा एवम् भक्तिभाव व्यक्त गर्ने पावन दिवसका (बुद्ध जयन्ती) रुपमा मनाउने गर्दछन् ।

वैशाख शुक्लपक्षको पूर्णिमा तिथिमा नेपालको लुम्बिनीमा राजा शुद्धोदन र रानी मायादेवीका पुत्र राजकुमार सिद्धार्थ गौतमको जन्म भएको थियो । पछि उनै सिद्धार्थ गौतमले यस धर्तीमा एक नयाँ युगको सुरुवात गरे । एउटा नवीन मार्ग देखाई समाजलाई युग चेतनाको बोध गराए।

सिद्धार्थले २९ वर्षको उमेरमा दरबार छाडी ६ वर्षसम्म बोधगयामा तपस्या गरेर बुद्धत्व प्राप्त गरे । त्यसपछि ३६ वर्ष उमेरमा सारनाथमा चार आर्य सत्यका विषयमा बुद्धले पहिलो प्रवचन गरे । राजपाटमा हुर्किएर पनि वैराग्यमा तल्लीन हुँदै सम्पूर्ण राज्यसुख त्याग गरी जंगलको बास गर्नु अनि वर्षौंसम्म तपस्या गर्नु यो सामान्य मानिसबाट हुन सक्ने कुरा नै थिएन । तर, सिद्धार्थले असम्भवलाई सम्भव गरिदिए र आफू बुद्ध बनी संसारलाई ज्ञानको ज्योतिले उज्यालो बनाए ।

मानव स्वयम्मा भगवान्को अंशावतार हो। भगवान्का १६ कला अंशमध्ये ५ देखि ८ अंशसम्म प्राय: सबै मानवमा रहेको हुन्छ। त्यसभन्दा बढी अंशको भारवहन गर्ने क्षमता सामान्य मानिसमा हुने नभएकाले भगवानले विशेष अवतार लिन्छन् र धर्मको रक्षा गरी लोकको कल्याण गर्छन् । हिन्दु पुराणहरुमा बुद्धलाई भगवान् विष्णुको अवतार मानिएको छ ।

संस्कृतमा 'बुध्' को अर्थ ज्ञान गर्नु वा जाग्नु भन्ने हुन्छ । यही धातुमा 'क्त' प्रत्यय लागेर बुद्ध शब्द बनेको हो । जसको अर्थ ज्ञान प्राप्त गरेको, बुझेको, बुद्धिमान् तथा जाग्रत अवस्थाको भन्ने हुन्छ । तपोबलले बुद्धत्व प्राप्त गरी यस अवतारमा भगवान्ले मानिसहरुलाई उपदेश दिइ अज्ञानताको निद्राबाट जगाए। संसारलाई शान्तिमार्गमा हिंड्न प्रेरित गर्दै जीवनमरणको दु:खरुपी भवसागरबाट मुक्ति दिलाउने चेष्टा गरे । मानवमात्रको उद्धारमा आफ्नो जीवन व्यतित गरे ।

बुद्धका उपदेशले संसारलाई हिंसा र युद्धको बाटो छाडी अहिंसा, मित्रता र विश्वबन्धुत्वको मार्ग प्राप्त भयो। जीवन र जगत्को अनित्यता सत्य भएको कुरा लोकले बुझ्न सक्यो। लोभ र तृष्णाले दु:ख निम्त्याउने हुँदा मानिसलाई त्यागी, दानी बन्न र सम्पूर्ण प्राणीलाई समभावले हेर्न सिकाउने बुद्धको शिक्षा संसारलाई प्रेरणादायी बन्यो । यसरी बुद्धका अनुयायीहरु एसिया हुँदै संसारभर फैलिए । बुद्धका उपदेशले मानव जातिलाई सुख, शान्ति र आनन्द दिलाउने भएकाले उक्त ज्ञानको संसारभर प्रचारप्रसार भयो। बुद्धले मुख्य रुपमा दु:खलाई सत्य तर स्वीकार गर्नैपर्ने विषयका रुपमा औंल्याए । तर, दु:खको कारणलाई नै पन्छाउने चेष्टा गर्ने हो भने दु:खबाट मुक्त हुन सकिन्छ भनी दु:ख हटाउने उपाय पनि सुझाएका छन्। यी उपदेशलाई चार आर्य सत्यका रुपमा लिने गरिएको छ।

दु:ख सत्य-यो संसारको प्राकृतिक नियम नै दु:खदायी छ। यसर्थ, सबै विषयवस्तु दु:खका कारण हुन् । जन्म, रोग, बुढ्याइँ, मृत्यु, संयोग, बिछोड आदि सबै प्रकृतिको नियम हुन्।

यो ज्ञान भनेकै दु:ख सत्य हो। दु:ख समुदाय-दु:ख हुने निश्चित कारणलाई दु:ख समुदाय भन्दछन्। मानिसमा रहेको लोभ, मोह, रिस-राग, आशक्ति, तृष्णा, स्वार्थ आदि-लाई दु:खका मूल कारण भनिएको छ । बौद्ध दर्शनअनुसार पतित्य-समुत्पाद-चक्रअन्तर्गत् जरामरण, जाति, भव, उपादान, तृष्णा, वेदना, फस्स, षडायतन, नामरुप, विज्ञान, संस्कार र अविद्याको चक्रलाई दु:खसमुदायका रुपमा लिने गरिन्छ। यी सबैलाई रोकेपछि मात्र तृष्णा निर्मूल हुन्छ र शान्ति प्राप्त हुन्छ।

दु:ख निरोध सत्य-तृष्णा अर्थात् आशक्तिमा नै दु:खको जरो हुन्छ। लिप्सा, लोभ, मोह, बन्धन, वासना आदि दु:खका मूल कारणलाई जीवनामा आउन नदिनु वा रोक लगाउनु नै दु:ख निरोध सत्य हो । दु:ख निरोधगामिनी प्रतिपदा सत्य-दु:खलाई रोक्ने उपाय वा मार्गका रुपमा दु:ख निरोधगामिनी प्रतिपदा सत्यलाई लिइन्छ । यस मार्गका आठ प्रकारलाई आर्य अष्टांगिक मार्ग पनि भनिएको छ । ती मार्गहरुमा सम्यक् दृष्टि, सम्यक् संकल्प, सम्यक् वचन, सम्यक् कर्मान्त, सम्यक् आजीविका, सम्यक् व्यायाम, सम्यक् स्मृति र सम्यक् समाधि पर्दछन् । यीनको परिपालनाले दु:ख अन्त्य गरी निर्वाण प्राप्त गर्न सकिन्छ। बुद्धले आफ्ना शिष्यहरुलाई विशेष आचरणको परिपालना गर्न पञ्चशीलको पनि शिक्षा दिएका छन् । पञ्चशीलमा चोरी नगर्नु, झुटो नबोल्नु, यौन व्यभिचार नगर्नु, मद्यपान नगर्नु र हिंसा नगर्नु छन्।

आज चण्डी पूर्णिमा हो। वैशाख शुक्ल पूर्णिमाको दिन मनाइने एक महत्वपूर्ण पर्व हो, जसलाई मुख्यतया किराँत समुदायले उभौली पर्वका रुपमा हर्षोल्लाससाथ मनाउँछन्।

यस पर्वका मुख्य विशेषता उभौली र प्रकृति पूजा: किराँत राई, लिम्बु, सुनुवार र याक्खालगायत समुदायले यस दिन प्रकृतिको पूजा आराधना गर्ने र बालीनाली राम्रो होस् भनी कामना गर्ने गर्दछन्। चण्डी नाच: यस दिन साकेला वा चण्डी नाच नाच्ने गरिन्छ, त्यसैले यसलाई चण्डी पूर्णिमा पनि भनिन्छ।

धार्मिक महत्व: कतिपयले यसलाई भगवतीको चण्डी स्वरुपको महिमा आत्मसात् गर्दै मनाइने पूर्णिमाको रुपमा पनि लिने गर्दछन्। सुम्निमा (पार्वती) को सृष्टि भएको दिनका रुपमा पनि यसलाई मानिन्छ। सांस्कृतिक मेला:यस अवसरमा देशका विभिन्न स्थानमा, विशेषगरि पलाञ्चोक भगवती मन्दिर जस्ता स्थानमा ठूला सांस्कृतिक मेला लाग्ने गर्दछन् ।

# बैंकिङ प्रणाली निष्क्रिय कर्जाको चपेटामा

सन्देश संवाददाता




काठमाडौं/पछिल्ला केही वर्षयता नेपालको बैंकिङ प्रणाली निष्क्रिय कर्जाको चपेटामा परेको छ। सुस्त अर्थतन्त्र, बढ्दो कर्जा दुरुपयोग, उच्च ब्याजदरजस्ता कारण बैंकहरुले कर्जा असुली सुधार्न नसक्दा हरेक त्रैमासमा निष्क्रिय कर्जा बढ्दै गइरहेको छ। केही वर्ष पहिले करिब ३ प्रतिशत्मा रहेको बैंकहरुको औसत निष्क्रिय कर्जा ६ प्रतिशत् हाराहारी पुगिसकेको छ। हाल ५८ खर्ब ६९ अर्ब कुल कर्जा लगानी भएकोमा त्यसको करिब ६ प्रतिशत् कर्जा निष्क्रिय बनेको छ।

यसले बैंकहरुको नाफामा मात्र दबाब सिर्जना गरेको छैन, प्रोभिजनिङ रकम बढाउनुपरेको छ भने कतिपयको पुँजीकोष दबाबमा छ । कतिपय बैंकहरुले केही वर्षदेखि लगानीकर्ताहरुलाई लाभांश वितरण गर्न सकिरहेका छैनन् । कुनै समय निकै उत्साहित रहेको बैंकिङ क्षेत्रको खराब समय अर्थतन्त्रको सुस्ततासँगै लम्बिँदै गएको हो । यहीबीच केही ऋणीहरुले लिएको कर्जा नतिर्ने मनसायले आन्दोलन, तोडफोड र बैंकका कर्मचारीमाथि कुटपिट र अभद्र व्यवहारसमेत गरे । यसले पनि असुलीमा दबाब परेको छ।

चालु आर्थिक वर्षको तेस्रो त्रैमासको वित्तीय विवरणले पनि बैंकिङ क्षेत्रको निष्क्रिय कर्जाको आँकडा घटाएन, झनै बढायो। चैतसम्मको बैंकहरुको वित्तीय विवरणमा निष्क्रिय कर्जाको दबाबकै कारण प्रोभिजन रकम बढाउँदै लैजानुपरेको देखिएको छ । यसले बैंकहरुको नाफालाई पनि दबाबमा पारेको छ। चालु आवको चैतसम्ममा वाणिज्य बैंकहरुको औसत निष्क्रिय कर्जा ५.२२ प्रतिशत् पुगेको छ । गत आवको सोही अवधिमा औसत निष्क्रिय कर्जा ४.८२ प्रतिशत् थियो। विकास बैंकहरुको पनि निष्क्रिय कर्जा बढेको छ। चालु आवको चैतसम्ममा आठ वटा राष्ट्रियस्तरका विकास बैंकहरुको निष्क्रिय कर्जा ५.९६ प्रतिशत् पुगेको छ। गत आवको सोही अवधिमा यी बैंकहरुको निष्क्रिय कर्जा औसतमा ५.०४ प्रतिशत् थियो। हरेक त्रैमासमा निष्क्रिय कर्जा बढ्दै जाँदा बैंकहरुलाई असुलीको दबाब बढेको देखिन्छ।

एक वाणिज्य बैंकका प्रमुख कार्यकारी अधिकृत आगामी दुई-चार महिनामा अर्थतन्त्र अति नै चलायमान भए पनि बैंकहरुको कर्जा असुली धेरै नहुने बताउँछन् । 'हाल विगतमा दिएको कर्जाहरु बिग्रिएर बसेको अवस्था छ। त्यसलाई व्यवस्थापनका लागि सहुलियत दिने वा समय थप्ने र लामो समयका लागि योजना बनाउनुपर्ने देखिन्छ,' उनले भने । प्राय: बैंकरहरु असारपछि निष्क्रिय कर्जामा केही सुधार आउन सक्ने बताउँछन्। त्यसका लागि सरकारले जेठ १५ मा ल्याउने आगामी आर्थिक वर्षको बजेटले भूमिका खेल्ने उनीहरुको बुझाइ छ। बजेट निजीक्षेत्र मैत्री आएको अवस्थामा निजीक्षेत्रको मनोबल बढ्ने र त्यसले अर्थतन्त्रलाई पनि गति दिंदै जाँदा निष्क्रिय कर्जा घट्दै जाने बैंकरहरुको भनाइ छ।

सरकारले पनि बैंकिङ प्रणाली निष्क्रिय कर्जाको दलदलमा फसिरहेको भन्दै विभिन्न नीतिहरुमार्फत् सुधार गर्नुपर्ने बताउँदै आएको छ। हालै मात्र अर्थमन्त्री स्वर्णिम वाग्लेले मुलुकको वर्तमान आर्थिक स्थितिपत्र, २०८३ मार्फत् बैंकहरुको निष्क्रिय कर्जा अनुपात बढ्दै गएकाले चुनौती थपिएको उल्लेख गरेका छन्। २०७२ असारमा ३.३३ प्रतिशत् र २०८० असारमा ३.०२ प्रतिशत् रहेको निष्क्रिय कर्जा अनुपात २०८२ माघमा ५.४२ प्रतिशत् पुगेको स्थितिपत्रमा उल्लेख छ।

वाणिज्य बैंकहरुको तुलनामा विकास बैंक र वित्त कम्पनीहरुको निष्क्रिय कर्जा अनुपात उच्च छ।

बैंक तथा वित्तीय संस्थाको निष्क्रिय कर्जा अनुपात बढ्दै जानु वित्तीय स्थायित्वका लागि चुनौतीपूर्ण हुँदै गएको स्थितिपत्रमा उल्लेख छ । निष्क्रिय कर्जा बढ्दै गए पनि स्वीकार्य तहमै रहेको स्थितिपत्रमा वाग्लेले भनेका छन्। 'तर, निष्क्रिय कर्जाको बढ्दो गतिलाई रोक्न तत्काल सुधारात्मक कदम नचाले आगामी दिनमा यो वित्तीय स्थायित्वका लागि चुनौतीपूर्ण हुँदै जाने देखिन्छ,' प्रतिवेदनमा भनिएको छ। सरकारले सुधारात्मक कदम चाल्ने भने पनि केकस्ता नीतिले सुधार गर्ने भन्ने नदेखिएकाले तत्काल निष्क्रिय कर्जा व्यवस्थापनमा सहज हुने अवस्था नरहेको बैंकरहरु बताउँछन्। विकास बैंकका एक सीईओले अर्थमन्त्रीले स्थितिपत्रमा नयाँ सुधारात्मक कदम चाल्नुपर्ने बताए पनि तत्काल निष्क्रिय कर्जा सुधने कुनै कदम नभएको बताए। ती सीईओले भने-हाल अर्थतन्त्र पूरै चलायमान गराउँछु भनेर पनि सम्भव छैन । केही सहुलियत दिएर थामथुम पार्न सकिन्छ। तर, त्यसले सहज अवस्था आउँदैन । समस्या समाधान हुँदैन। उनका अनुसार अब आउने बजेटमा नै बैंकिङ प्रणालीमा सहजता सिर्जना गर्ने नीति ल्याउनुपर्छ।

*कुन बैंकको निष्क्रिय कर्जा कति ?*

चालु आवको तेस्रो मसान्तमा ९ वटा वाणिज्य बैंकको निष्क्रिय कर्जा घट्दा बाँकी ११ वटाको बढेको छ। सिद्धार्थ, एसबीआई, नबिल,माछापुच्छे, लक्ष्मी सनराइज, एभरेस्ट, नेपाल र कुमारी बैंकको निष्क्रिय कर्जा घट्दा अन्य बैंकको बढेको छ। यसमध्ये प्रभु, नेपाल इन्भेस्टमेन्ट मेगा र एनआईसी एसिया बैंकको निष्क्रिय कर्जा निरन्तर बढ्दै गएको छ। निष्क्रिय कर्जा ८ प्रतिशत्माथि पुगेका ३ बैंकमध्ये नेपाल इन्भेस्टमेन्ट मेगा र प्रभु बैंको प्राथमिक पुँजीकोष अनुपात राष्ट्र बैंकले तोकेको ८.५ प्रतिशत् र पुँजी पर्याप्तता अनुपात ११ प्रतिशत्भन्दा माथि छ। एनआईसी एसिया बैंकको पुँजी पर्याप्तता अनुपात ११ प्रतिशत्भन्दा माथि भए पनि प्राथमिक पुँजीकोष अनुपात भने साढे ६ प्रतिशत्भन्दा तल झरेको छ।

एभरेष्ट बैंकले निष्क्रिय कर्जामा सुधार गरेको छ। चालु आवको चैतसम्ममा एभरेस्ट बैंकको निष्क्रिय कर्जा ०.६१ प्रतिशत् छ। जबकि, गत आवको सोही अवधिमा उक्त बैंकको यस्तो कर्जा ०.६४ प्रतिशत् थियो । एभरेष्टपछि कुमारी बैंकको निष्क्रिय कर्जामा सुधार आएको छ। चालु आवको चैत मसान्तसम्ममा कुमारी बैंकको निष्क्रिय कर्जा ६.९४ प्रतिशत् छ । गत आवको सोही अवधिमा यस्तो कर्जा ६.९८ प्रतिशत् थियो। गत आवको चैतसम्ममा ५.४५ प्रतिशत् रहेको नेपाल बैंकको निष्क्रिय कर्जा चालु आवको सोही अवधिमा ४.९६ प्रतिशत्मा झरेको छ । राष्ट्रिय वाणिज्य बैंकले पनि निष्क्रिय कर्जामा सुधार गरेको छ। उक्त बैंकको निष्क्रिय कर्जा चालु आवको तेस्रो त्रैमाससम्ममा ४.४८ प्रतिशत् छ। गत आवको सोही अवधिमा यस्तो कर्जा ४.६९ प्रतिशत् थियो।

सिद्धार्थ बैंकको निष्क्रिय कर्जा ४.०४ बाट घटेर ३.१७ प्रतिशत् कायम भएको छ भने नेपाल एसबीआईको ४ बाट २.५३ प्रतिशत्, नबिलको ४.९६ बाट ४.०१ प्रतिशत्, माछापुच्छेको ४.५९ बाट ४.०१ प्रतिशत्मा झरेको छ । लक्ष्मी सनराइज बैंकको निष्क्रिय कर्जा गत आवको चैतसम्ममा ५.८६ प्रतिशत् रहेकोमा चालु आवको सोही अवधिमा ५.२९ प्रतिशत्मा झरेको छ। बाँकी ११ बैंकहरुको निष्क्रिय कर्जा बढेको छ। वित्तीय विवरणअनुसार सबभन्दा बढी प्रभु बैंकको ३.७५ प्रतिशत् विन्दुले निष्क्रिय कर्जा बढेको छ भने एनआईसी एसिया बैंकको ३.१ प्रतिशत् विन्दुले निष्क्रिय कर्जा बढेको छ। गत आवको तेस्रो त्रैमाससम्ममा प्रभु बैंकको निष्क्रिय कर्जा ५.०९ प्रतिशत् रहेकोमा चालु आवको सोही अवधिमा बढेर ८.८४ प्रतिशत् पुगेको छ। गत आवको चैतसम्ममा ५.७५ प्रतिशत् रहेको एनआईसी एसिया बैंकको निष्क्रिय कर्जा चालु आवको सोही अवधिमा ८.८५ प्रतिशत् पुगेको छ। नेपाल इन्भेस्टमेन्ट मेगा बैंकको निष्क्रिय कर्जा बढेर ८.४१ प्रतिशत् पुगेको छ । जबकि, गत आवको सोही अवधिमा उक्त बैंकको ६.०६ प्रतिशत् निष्क्रिय कर्जा थियो।

हिमालयन बैंकको निष्क्रिय कर्जा ७.९८ प्रतिशत् पुगेको छ। गत आवको चैतसम्ममा ७.६८ प्रतिशत् रहेको निष्क्रिय कर्जा हाल पनि बढेको हो। राष्ट्रियस्तरका विकास बैंकहरुको पनि निष्क्रिय कर्जा बढेको छ। चालु आवको चैतसम्ममा यी बैंकहरुको औसत निष्क्रिय कर्जा ५.९६ प्रतिशत् पुगेको छ । गत आवको चैतसम्ममा यी बैंकहरुको निष्क्रिय कर्जा औसतमा ५.०४ प्रतिशत् थियो । सार्वजनिक वित्तीय विवरणअनुसार गरिमा बैंकको निष्क्रिय कर्जा स्थिर छ। गत आवमा ४.७८ प्रतिशत् रहेको गरिमा विकास बैंकको निष्क्रिय कर्जा चालु आवको चैतसम्ममा ४.७७ प्रतिशत् छ । सइन रेसुंगा विकास बैंकको निष्क्रिय कर्जा गत आवको चैतसम्ममा ४.७६ प्रतिशत् रहेकोमा यो आवको चैतसम्ममा ४.९२ प्रतिशत् छ।

मुक्तिनाथ विकास बैंकको निष्क्रिय कर्जा ४.४१ प्रतिशतबाट बढेर ४.८८ प्रतिशत् पुगेको छ भने महालक्ष्मी विकास बैंकको निष्क्रिय कर्जा ४.९९ प्रतिशत्बाट बढेर ६.५९ प्रतिशत् पुगेको छ।

वित्तीय विवरणअ नुसार चालु आवको तेस्रो त्रैमासमा कामना सेवा विकास बैंकको निष्क्रिय कर्जा ४.४ प्रतिशत् छ । गत आवको चैतसम्ममा उक्त बैंकको निष्क्रिय कर्जा ४.२७ प्रतिशत् थियो। सांग्रिला डेभलपमेन्ट बैंकको निष्क्रिय कर्जा ४.९७ प्रतिशत्बाट बढेर ७.८७ प्रतिशत् पुगेको छ।

# स्वस्थ बाल प्रतिस्पर्धामा जेनिश स्याङ्तान प्रथम

सन्देश संवाददाता

कैलाश/ कैलाश गाउँपालिका वडा नम्बर ९ नामटारमा भएको वडास्तरीय स्वस्थ बाल प्रतिस्पर्धामा जेनिश स्याङ्तान (२६ महिना) प्रथम भएको छ। नामटार स्वास्थ्य चौकी अन्तर्गत भएको ६ महिनादेखि ३६ महिनासम्मका बालबालिकाहरुको विभिन्न सूचकमा रहेर गरिएको प्रतिस्पर्धामा आशिका रुम्बा (३४ महिना) द्धितीय भएकी छिन् भने सन्ध्या बल (३३ महिना) तृतीय भएकी गाउँपालिकाका स्वास्थ्य शाखा प्रमुख तिलकप्रसाद गौतमले बताए । प्रतियोगितामा ४६ जना बालबालिकाले प्रतिस्पर्धा गरेका थिए।

वडा ९ का वडाध्यक्ष एवम् स्वास्थ्य चौकीका अध्यक्ष भूवनसिंह घलानको अध्यक्षता तथा गाउँपालिका अध्यक्ष लोकबहादुर मुक्तानको प्रमुख आतिथ्यतामा कार्यक्रम भएको थियो। कार्यक्रममा बोल्दै अध्यक्ष मुक्तानले स्वस्थ बालबालिका थाहा पाउन प्रतिस्पर्धात्मक कार्यक्रमले थप टेवा पुग्ने बताए। सुनौला हजार दिनभित्र देखीनै आमा र बच्चाको स्वास्थ्य अवस्था नियमित जाँच गरिरहनुपर्ने बताउँदै सरकारले ल्याएको मापदण्ड र विभिन्न सूचकमा रहेर प्रतिस्पर्धा गरिएको उनले बताए ।

बच्चाको स्वास्थ्यसम्बन्धि ज्ञान आमासँग रहने भएकाले हरेक बच्चाको स्वास्थ्यबारे थाहा पाइराख्नु र विरामीपश्चातको उपचारसमेत आमाहरुले जानकारी लिई राख्नुपर्ने अध्यक्ष मुक्तानले बताए । पोषण कार्यक्रमले आमा र बच्चाको स्वास्थ्य अवस्थालाई सन्तुलन गरिनुका साथै गाउँपालिकाले आमा र बच्चालाई विभिन्न स्वास्थ्यसम्बन्धि कार्यक्रमहरु गरिरहेको जानकारी गराए।

कार्यक्रममा उपाध्यक्ष बालकुमार मल्लले स्वस्थ बच्चा थाहा पाउन नियमित स्वास्थ्य चौकीमा जाँच गरिरहनुपर्ने बताए। आफ्नो बच्चा किन पहिलो दोस्रो भएन भन्ने मनमा लागेको हुन सक्दछ, मापदण्डमा तपाईहरु पर्न नकसकोले पनि हो । पूर्णरुपमा मापदण्डभित्र पर्ने गरि आमाहरुले बालबालिकाको स्वास्थ्यमा ध्यान दिन अति जरुरी रहेको उनले सुझाव दिए ।

कार्यक्रममा स्वास्थ्य शाखा प्रमुख तिलकप्रसाद गौतम, सिनियर अहेव सुधिर महत्तो, नामटार स्वास्थ्य चौकीका प्रमुख पंकज साहलगायत स्वास्थ्यकर्मीहरुको आतिथ्यता रहेको थियो ।

# सामान अभावमा हजारौं ट्रक रित्तै



सन्देश संवाददाता

बारा/सरकारले तीन सातामै दुईपटक सार्वजनिक यातायातको सवारी भाडा वृद्धि गरेको छ। इन्धनको मूल्य वृद्धिलाई आधार मानेर वैज्ञानिक प्रणालीअनुसार भाडा स्वत: लागु हुने व्यवस्थाबमोजिम चैत २५ पछि बुधबारबाट सरकारले ५ प्रतिशत् भाडा वृद्धि गरेको छ। यद्यपि, ढुवानी गर्ने सामान अभावमा बारा-पर्सामा हजारौं ट्रक रित्तै बसेका छन्।

तराई यातायात व्यवसायी संघ सिमराका अध्यक्ष ओमकृष्ण कार्कीका अनुसार बुधबारबाट सरकारले बढाएको भाडा हिसाब गर्दा वीरगञ्जबाट काठमाडौं १ ट्रकमा २१ टन समान लैजान करिब १ लाखभित्र ढुवानी भाडा पर्ने भएपछि हजारौं ट्रकले सामान नपाएर रित्तै बस्नु परेको छ। बढेको भाडा दर सरकारले सार्वजनिक गरे पनि बोक्ने सामान अभाव हुँदा सस्तो भाडामा सीमित मालबाहकले ढुवानी गर्ने गरेको छ । ट्रक व्यवसायीबीच नै अस्वस्थ्य प्रतिस्पर्धा हुने हुँदा सरकारले तोकेको भाडा लिन उनीहरु आफैं सक्षम देखिएको पाइँदैन । वीरगञ्जबाट काठमाडौंको भाडा यतिबेला प्रति १० टन सरकारले तोकेको भन्दा करिब १० हजार कम ३१ हजार छ। ठूला निर्माण कम्पनी, थोक बिक्रेताको निजी मालबाहकले मात्र आफ्नै सामान बारा-पर्साका उद्योग र भन्सारबाट लैजाने गरेका छन् । व्यावसायिक ढुवानी गर्ने ट्रक सामान नपाएर खाली भएको अध्यक्ष कार्कीको भनाइ छ।

देशभर ४५ हजार ६ चक्के देखि १२ चक्के हुँदै लहरीसम्मका मालबाहक सवारी सञ्चालनमा रहेको नेपाल ट्रक यातायात व्यावसायी महासंघले जनाएको छ । नेपालको सडकमा पछिल्लो समय सहज मानिने १२ चक्के ट्रक ढुवानीमा व्यापक प्रयोग हुँदै आएको छ । १२ चक्के ट्रकको मूल्य नेपाली बजारमा ८५ लाखसम्म पर्ने व्यवसायी बताउँछन्। ढुवानी व्यवसायी महासंघ केन्द्रीय सदस्य सन्तोष कार्कीले नेपालमा मालबाहक ट्रकको ढुवानी कारोबार बढी हुने मुख्य बजार बारा-पर्सा नै हो, त्यसपछि भैरहवा र विराटनगरमा पनि हुने उनले बताए।

# अतिक्रमित जग्गाका संरचना हटाउन सर्कुलर




सन्देश संवाददाता

काठमाडौं/सरकारले देशभरका अतिक्रमित जग्गामा बनेका संरचना हटाउन ७७ वटै जिल्ला प्रशासन कार्यालयहरुमा सर्कुलर जारी गरेको छ। गृह मन्त्रालयले देशभरका प्रमुख जिल्ला अधिकारीलाई पत्र पठाउँदै सम्बन्धित निकायको सहयोग र समन्वयमा जिल्लामा रहेका अतिक्रमित सरकारी तथा सार्वजनिक जग्गाको पहिचान गरी उक्त जग्गामा रहेको अतिक्रमण हटाउने योजना सम्बन्धित निकायबाट माग गरी मन्त्रालयमा पठाउन पनि भनेको छ । जिल्ला प्रशासन कार्यालयमा परिपत्र गरिएको गृह प्रवक्ता आनन्द काफ्लेले जानकारी दिए।

यसअघि चैत २० मै गृहले पत्रमार्फत् परिपत्र गरेको थियो । बुधबार सचिवस्तरीय निर्णय गर्दै अतिक्रमण हटाउने कार्यका लागि सुरक्षा प्रबन्धलगायत आवश्यक सहजीकरण गर्न अनुरोध गरिएको छ। सरकारले अतिक्रमित संरचना हटाउने कार्यलाई तीव्रता दिइरहेको छ। शुक्रबारबाट काठमाडौंका सबै नदीकिनारमा बनेका अतिक्रमित संरचनाहरु हटाइँदैछ। काठमाडौंका ती क्षेत्रमा माइकिङ गरिएको छ।

# खानेपानीका कर्मचारीले पाए अर्धमासिक तलब

सन्देश संवाददाता

हेटौंडा/मकवानपुर जिल्लामा पहिलोपटक अर्धमासिकरुपमा तलब भुक्तानी गर्ने कार्य हेटौंडा खानेपानी व्यवस्थापन बोर्डले सुरु गरेको छ। नेपाल सरकार अर्थ मन्त्रालयले बैशाख ४ गते अर्धमासिक अवधिमा तलब भुक्तानी गर्न निर्देशनसहित परिपत्र जारी गरेपछि बोर्डले उक्त व्यवस्था कार्यान्वयनमा ल्याएको हो। जिल्लास्तरमा यसलाई प्रभावकारीरुपमा कार्यान्वयन गर्ने पहिलो संस्थाका रुपमा हेटौंडा खानेपानी व्यवस्थापन बोर्ड अगाडि देखिएको छ।

अर्थ मन्त्रालयअन्तर्गत् परिपत्रमा राष्ट्रसेवक कर्मचारीहरुको तलबभत्ता सुबिधा मासिक भुक्तानी गर्नुको सट्टा अर्धमासिकरुपमा उपलब्ध गराउने व्यवस्था मिलाउन भनिएको छ । सोही निर्देशनअनुसार बोर्डले आफ्ना कर्मचारीलाई अर्धमासिक रुपमा तलब वितरण थालेको जनाएको छ । बोर्डका लेखा प्रमुख तथा सूचना अधिकारी सञ्जयकुमार न्यौपानेका अनुसार संस्थामा कार्यरत् १ सय ४ कर्मचारीलाई मासिक करिब ३८ लाख २४ हजार रुपियाँ तलब भुक्तानी हुँदै आएको छ। अर्धमासिक प्रणाली लागु भएसँगै पहिलो चरणमा करिब १९ लाख १२ हजार रुपियाँ निकासा गरिएको उनले जानकारी दिए।

अर्धमासिक तलब भुक्तानी प्रणाली लागु भएसँगै कर्मचारीले मासिक तलब एकमुष्ट पाउने सट्टा दुई किस्तामा पाउनेछन् । यसले कर्मचारीहरुको नगदप्रवाह व्यवस्थापनमा सहजता ल्याउने तथा आर्थिक अनुशासन मजबुत बनाउने अपेक्षा गरिएको बोर्डले जनाएको छ। सरकारले सार्वजनिक वित्त व्यवस्थापनलाई थप व्यवस्थित र पारदर्शी बनाउन यस्तो प्रणाली लागु गरेको बताइएको छ। नेपालको लागि यो प्रणाली पूर्णतया नयां हो।


## ब्लु हेवन टेलर्स सरेको सूचना

हेटौंडाको पुरानो लोकप्रिय **ब्लु हेवन टेलर्स** सडक बिस्तारका क्रममा मेनरोडबाट कान्तिराजपथको **शाक्य प्लाजा** मा सरेको जानकारी गराउंदछौं।
सदाझै यहांहरुको माया र सद्भाव पाईरहने आशासमेत गरेका छौं।




## चालु फेन्सी पसल बिक्रीमा

हेटौंडा-४ स्कूलरोडमा रहेको अति चालु अवस्थाको जेन्स फेन्सी पसल विशेष कारणले बिक्री गर्न लागेकोले ईच्छुक खरिदकर्ताले सिधैं सम्पर्क राख्नुहोला।
सम्पर्क :
९८४५०३१७८६, ९८२११४००२२

## आकर्षक घडेरी बिक्रीमा

हेटौंडा-२, जिल्ला प्रशासन कार्यालय, मकवानपुरबाट करिव २०० मिटर पुर्वतर्फ वनखण्डी टोलमा रहेको १३ धुरको २ टुक्रा घडेरी बिक्रीमा छ। ईच्छुक खरिद कर्ता महानुभावले सम्पर्क गर्नु होला। आधा नगद र आधा हेटौंडा नजिकको जगगासंग साट्नसमेत सकिनेछ।
सम्पर्क नम्बर : ९८४५१२३३६६


प्रकाशक: केदारप्रसाद न्यौपानेद्वारा हेटौंडा सन्देश दैनिकका लागि प्रकाशित/मुद्रित: सन्देश छापाखाना ।। कार्यालय: हेटौंडा-२ मानस चोक ।। फोन: ०५७-५२२२३७, ५२४२३६. ।। E-mail: htd.sandesh@gmail.com, ।। सम्पादक: माधव न्यौपाने